



# जलउपयोग गुरुयोजना

## अजयमेरु गाउँपालिका

## २०८२

# विषय सूची

**प्राक्कथन**......
**संक्षेप र संक्षिप्त नामहरुको सूची**......
**कार्यकारी सारांश**......
**अध्याय-१: परिचय**......
१.१. पृष्ठभूमि......
१.१.१. जलस्रोत क्षेत्रका राष्ट्रिय नीति तथा कानूनी प्रावधानहरु......
१.१.२. एकीकृत जलस्रोत व्यवस्थापनका अवधारणा र सिद्धान्तहरु......
१.१.३. दिगो विकास लक्ष्य......
१.१.४. अन्तरक्षेत्रीय सवालहरु......
१.२. जलउपयोग गुरुयोजनाका उद्देश्य र क्षेत्र......
१.२.१. जलउपयोग गुरुयोजनाका उद्देश्यहरु......
१.२.२. जलउपयोग गुरुयोजनाले समेटने क्षेत्रहरु......
१.३. जल उपयोग गुरुयोजना निर्माणमा अपनाइएका पद्दतीहरु......
१.३.१. स्थानीय तहका विद्यमान रणनीमतक योजनाहरुको समिक्षा......
१.३.२. रणनीमतक योजनाहरुको एकीकरण......
१.३.३. जलउपयोग गुरुयोजना तयारी प्रकृया र चरणहरु......
**अध्याय-२: गाउँपाललकाको पाश्वचित्र**......
२.१. गाउँपालिकाको संक्षिप्त परिचय......
२.२. भौगोलिक अवस्थिति र पहुँच......
२.३. भौगोलिक स्वरुप तथा भू-उपयोग स्थिति......
२.४. प्रमुख जलाधार तथा उप-जलाधार क्षेत्रहरुको विवरण......
**अध्याय-३: विद्यमान जलस्रोतहरुको अवस्था र प्रयोग**......
३.१. गाउँपालिकामा उपलब्ध जलस्रोतहरुको विवरण......
**अध्याय-४ : गुरुयोजना कार्यान्वयन रणनीति र परिकल्पना**......
४.१. गाउँपालिकाको रणनीतिक प्राथमिकता......

४.२. जलाधार क्षेत्र व्यस्थापनका लागि एकीकृत जलस्रोत व्यवस्थापन........................................................

४.३. एक जल नीति तथा अवधारणा.....................................................................................

४.४. लैगींक समानता तथा सामाजिक सामावेशिकरण अवधारणा र एकीकृत जलस्रोत व्यवस्थापन

४.५. पानीको उत्पादनशिल प्रयोग.......................................................................................

४.६. जलस्रोतको उपयोगका लागी विकल्प तथा प्रविधहरु ..................................................

**अध्याय-५ : जलउपयोग गुरुयोजना**...........................................................................................

५.१. अन्तर विश्लेषण ...................................................................................................

५.२. योजनाको सारांश....................................................................................................

५.२.१. खानेपानी योजनाहरु .............................................................................................

५.२.२. सरसफाई योजनाहरु ..............................................................................................

५.२.३. बहु उपयोगी योजनाहरु ..........................................................................................

५.२.३. सिँचाई योजनाहरु ................................................................................................

५.२.४ स्रोत संरक्षण तथा वातावरण संरक्षण योजनाहरु............................................................

५.२.६. जलउर्जा सम्बन्धी योजनाहरु ....................................................................................

**अध्याय-६: गुरुयोजना कार्यान्वयन, बजारीकरण र अद्यावधिक**...................................................

६.१. गुरुयोजनामा लगानीका लागि अल्प/ मध्यम /दिर्घकालीन योजना........................................

६.२. पहिलो आ.व.मा कार्यान्वयन हुने योजनाहरु .....................................................................

६.३. बजारीकरण रणनीति तथा सरोकारवालाहरुको पहिचान ......................................................

६.४. जलाधार/उप-जलाधार क्षेत्र व्यवस्थापन रणनीति...............................................................

६.५. गुरुयोजना पुनरावलोकन तथा अद्यावधिक गर्ने संयन्त्र.........................................................

६.६. गुरुयोजना कार्यान्वयन रणनीति .......................................................................................

# प्राक्कथन

नेपाल अधिराज्यको संविधान २०७२ मा भाग-३, मौलिक हक धारा ३५ को स्वास्थ्य सम्बन्धी हक प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाई पहुँचको हकको सुनिश्चितता गररएको छ माथै धारा ५१ को राज्यका नीतिहरुमा जनसहभागितामा आधारत स्वदेशी लगानीलाई प्राथमिकता दिदै जलस्रोतको बहुउपयोगी विकास गर्ने भन्ने व्यवस्था भए बमोजिम र स्थानीय सरकार संचालन ऐन, २०७४ मा व्यवस्था भए बमोजिम स्थानीय सरकारले जलस्रोत विकास र वातावरण पर्यावरणको दिगो विकास गर्न एकीकृत जलस्रोतको अवधारणा अनुसार क्षेत्रगत योजना तयार गरेर लागु गर्न सक्ने व्यवस्था छ।

अजयमेरु गाउँपालिकाले पनि आफ्नो क्षेत्र भित्र रहेको जलस्रोतको एकीकृत विकास गर्दै जल, जंगल र जमिनको एकीकृत विकासका लागि अजयमेरु गाउँपालिकाले जलउपयोग गुरुयोजना निर्माण गरेको छ। जलउपयोग गुरुयोजना निर्माण गरेको छ । जलउपयोग गूरुयोजना निर्माणका विभिन्न चरणहरु (तयारी चरण, क्षमता विकास चरण, सामाजिक तथा प्राविधिक अध्ययन चरण र योजना तर्जुमा चरण) अपनाई जलउपयोग गुरुयोजना तयार गरिएको हो।

जलउपयोग गुरुयोजनाको मुख्य अवधारण भनेको जलश्रोतको एकिकृत तर्जुमा तथा व्यवस्थापनका लागि सहभागितात्मक एवं समावेशी विधि अपनाउदै जलस्रोत क्षेत्रको विकासमा सुशासन कायम गर्नु स्थानीय समुदायको सहभागिता बढाउनु र पारदर्शि बढाउन सहयोग पुर्याउनु रहेको छ यसले कुनै एउटा निश्चित भौगोलिक क्षेत्रमा केन्द्रित रहि त्यस क्षेत्रमा रहेका जलस्रोतको समग्र उपलब्धता तथा त्यसको साम्भाव्य उपयोगको आंकलन गर्दछ ।

जलउपयोग गुरुयोजनाले खास कुनै आयोजना वा जलस्रोतका क्षेत्र मात्रामा सिमित नरहि स्थानीय तहको निश्चित सिमाना भित्रका जलाधार/ उप-जलाधार क्षेत्रका उपलब्ध समग्र जलस्रोत,सरसफाई, तथा स्वाच्छता वातावरण र पर्यावरण पानिसँग सम्बन्धित उर्जा,पानीको माग र यसको समूचित प्रयोगक सहितको तथ्याङ्क संकलन, स्थानीयकै सहभागिता विश्लेषण तथा भविश्यको लागि सहभागितात्मक योजना तर्जुमा र नीति तर्जुमामा समेत सहयोग गर्ने भएकाले जयउपयोग गुरुयोजनालाई स्थानीय सरकार र सरोकारवालाले आवश्यक औजारका रुपमा अपनत्व गरेको पाईन्छ ।

अजयमेरु गाउँपालिका भौगोमलक रुपमा चुरेभावर तथा पहाडी भू-भाग मात्र भएको र यहाँ उत्तरबाट बग्दै आउने खोला, नदिको पानी बाहेक मूल, सानातिना, खोल्सीहरु जलस्रोतको रुपमा रहेका छन यहाँका सबै जसो घरधुरीहरु खानेपानीका लागि यिनै जलस्रोतमा निर्भर रहेका देखिन्छन पानीको स्रोतहरुमा मानव स्वास्थ्यका हिसाबले हानिकारक रासायनिक, भौतिक र जैविक पदार्थहरु रहन सक्ने हुँदा पानीको गुणस्तर तथा खानेपानी सुरक्षाका सवालहरुलाई पनि यस जलउपयोग गुरुयोजनाले समेटेको छ । यसका

साथै जयवायु परिवर्तन अनुकुलन/ विपद जोखिम व्यावस्थापन तथा वातावरण पर्यावरणका सवालहरुलाई जल उपयोग गुरुयोजनामा समेटेको छ ।

यो जलउपयोग गुरुयोजना अजयमेरु गाउँपालिकाकै नेतृत्व तथा समूदायको सहभागितामा तयार गरिएको हुँदा यसको सफल कार्यान्वयनका लागि अजयमेरु गाउँपालिका र समुदायको ठुलो भूमिका रहन्छ। त्यसैले जलउपयोग गुरुयोजनाले समेटेका क्षेत्रगत क्रियाकलापहरुको प्राथमिकता अनुमार कायाान्वयन गरी नेपाल सरकारको खानेपानी सरसफाई स्वच्छता क्षेत्र विकास योजना र दिगो विकास लक्ष्य हासिल गर्न सहयोग पुर्याउने, जलस्रोतको न्योचित वितरण तथा विवेकपूर्ण उपयोग मार्फत सुशासन प्रत्याभूत गराउनुका साथै पानीको बहु-उपयोग गरि समुदायको जिविकोपार्जनमा सुधार ल्याउन महत्वपूर्ण हुने अपेक्षा गरिएको छ ।

संक्षेप र संक्षिप्त नामहरुको सूची

| | |
|---|---|
| कि.मि | किलोमिटर |
| खा.पा.उ.स.स/ उ.स | खानेपानी उपभोक्ता तथा सरसफाई समिति/उपभोक्ता समिति |
| खा.पा.उ.स. | खानेपानी उपभोक्ता समिति/ समूह |
| खा.पा.स्व.यो. | खानेपानी सरसफाई तथा स्वच्छता योजना |
| गा.पा./न.पा. | गाउँपालिका/नगरपालिका |
| गैसस | गैह्र सरकारी संस्था |
| लैससास | लैगींक समानता तथा सामाजिक समावेशिकरण |
| NWASH MIS | National Water Sanitation and Hygiene Management Information System |
| सा.व.उ.स | सामुदायिक वन उपभोक्ता समूह |
| CBRT | Criteria Based Ranking Tools (मापदण्डमा आधारित योजना छनौटका आधारहरु) |
| दि.वि.ल | दिगो विकास लक्ष्य |
| लि./प्र/.से | लिटर प्रति सेकेन्ड |
| उ.स. | उपभोक्ता समिति |
| गा.पा. | गाउँपालिका |
| खा.पा. | खानेपानी |

# कार्यकारी सारांस

विकासका लागि प्रभावकारी तथा प्रक्रियागत ढंगले योजना तर्जुमा हुनु निकै आवश्यक हुन्छ । स्थानीय स्तरमा विकासका लागि योजना तर्जुमा गर्न स्थानीय सरकार को सहजिकरण र समुदायको सहभागिता अपरिहार्य रहेको हुन्छ । त्यसै गरि स्थानीय स्तर मा रहेका प्राकृतिक स्रोतहरुको उचित योजना तर्जुमा तथा कार्यान्वयन गर्नु बिकासका लागि महत्वपुर्ण रहेको हुन्छ । कुनै निश्चित स्थान भित्र रहेका पानीका स्रोतहरुको संरक्षण, व्यवस्थापन र न्यायोचित तथा समतामूलक वितरण गर्नका लागि समुदायकै सहभागितामा तयार गरिने जलस्रोत क्षेत्रको आवधिक योजना जलउपयोग गुरुयोजना हो। जलउपयोग गुरुयोजनामा उपलब्ध जलस्रोतहरुको विश्लेषण, लागत अनुमान, सहयोगी सरोकारवाला पहिचान गर्नुका साथै लगानी नीति, लक्ष्य, परिकल्पना समेत समेटिन्छ । गुरुयोजना समुदायको क्षमता विकास गर्न, स्रोतहरुको विवेकपूर्ण उपयोग गर्न, वातावरण तथा पर्यावरण संरक्षण गर्न, पानीको बहुउपयोग गर्न, जलस्रोत सम्बन्धी विवाद न्यूनीकरण र समाधान गर्नका साथै सुशासन कायम गरि संस्थागत क्षमता अभिबृद्धी गर्न समेतका लागि क्षेत्रगत योजना तर्जुमाको दीर्घकालीन औजारका रुपमा लिन सकिन्छ।

स्थानीय स्तरमा जलस्रोतको प्रभावकारी, समानुपातिक, पारदर्शी र दक्ष रुपले पानीको बहुउपयोग गर्न एकीकृत योजनाको विकास गर्नु तथा आफ्नो गाउँपालिका क्षेत्रका निश्चित समुदाय भित्र तथा समुदाय-समुदायका बीचमा जलस्रोतको समानुपातिक वितरण तथा बाँडफाँड मार्फत दिगो रुपमा पानीसँग सम्वन्धित आवश्यकताहरु पुरा गर्नु जलउपयोग गुरुयोजना निर्माणको प्रमुख उद्धेश्य रहेको छ। गुरुयोजनाले जलवायु परिवर्तन अनुकुलन तथा संम्भावित प्राकृतिक जोखिम व्यवस्थापनका लागि समुदाय र सरोकारवालाहरुको क्षमता विकास गर्नुका साथै जलस्रोतका क्षेत्रमा नयाँ अवधारणाहरु जस्तै एकजल अवधारणा, पानीको उत्पादनशिल उपयोगका लागि स्थानीय जनसमुदायहरुलाई सशक्तिकरण गर्दै समुदाय परिचालन र सचेतिकरणमा टेवा पुर्‍याउदछ।

जलउपयोग गुरुयोजनाको तयारि गर्दा निश्चित बिधि तथा प्रक्रिया अबलम्बन गरि तयार पारिन्छ । प्रकृया मार्फत महिला, पछाडी पारिएका समुदाय, अति बिपन्न, सीमान्तकृत समुदाय र पानीको उपभोगमा बन्चितिकरणमा परेका भूगोल र समुदायहरुलाई मापदण्डमा आधारित योजना प्राथमिकीकरणका सूचकहरुका माध्यमबाट मुलप्रवाहीकरण गर्दै खानेपानी लगायतका संविधानले सुनिश्चित गरेका जलस्रोतको उपयोगका क्षेत्रका मौलिक हकलाई समेत पुरा गर्न योगदान पुर्‍याउँदछ ।

**मुख्य तथ्याङ्कहरु :**

राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन अनुसार यस अजयमेरु गाउँपालिकाको कुल घरधुरी संख्या ३४५३ (https://cbs.gov.np) रहेको देखिन्छ भने कुल जनसंख्या १५,१६१ रहेको देखिन्छ। यस गाउँपालिकामा जलाधारको रुपमा सोर्नाया गाड, ठुलीगाड, नानीगाड, दोगाड, बेतालखोला रहेको छन् भने यस गाउँपालिकाको खानेपानीका लागि मुख्य स्रोतको रुपमा मूलहरु मात्रै प्रयोग भएको देखिन्छन।

गाउँपालिकामा हाल विद्यमान खानेपानी योजना संख्या २२ वटा, निर्माणाधीन खानेपानी योजना ६ वटा र जलउपयोग गुरुयोजनामा प्रस्तावित खानेपानी योजना संख्या १२ वटा रहेका छन् । विद्यमान र निर्माणाधीन खानेपानी योजनाबाट हाल ७०% घरधुरीहरु लाभान्वित भएको देखिन्छ, भने प्रस्तावित योजनाहरुबाट सबै घरधुरीहरुले खानेपानी सेवा प्राप्त गर्ने लक्ष्य लिईएको छ। यस गाउँ पालिकामा दोहोरो बस्तीहरु रहेकोले गाउँपालिकाको घरधुरी संख्या भन्दा लाभान्वित घरधुरी संख्या बढी देखिएका छन् ।

अजयमेरुगाउँपालिकामा विद्यमान सिंचाइ योजनाहरु २८ वटा रहेका छन् यि विद्यमान सिंचाइका आयोजनाहरुबाट गाउँपालिकाको कुल खेतीयोग्य भू-भाग २४ प्रतिशत जमिन मात्र सिंचित भईरहेको छ।

# अध्याय-१ः परिचय

## १.१. पृष्ठभूमिः

कुनै निश्चित स्थानमा उपलब्ध पानीका स्रोतहरुको विकास र न्यायोचित तथा समतामूलक वितरण गर्नका लागि समुदायकै सहभागितामा तयार गरिने जलस्रोत क्षेत्रको आवधिक योजना जलउपयोग गुरुयोजना हो। जलउपयोग गुरुयोजनामा उपलब्ध जलस्रोतहरुको विश्लेषण, लागत अनुमान, सहयोगी सरोकारवाला पहिचान गर्नुका साथै लगानी नीति, लक्ष्य, परिकल्पना समेत समेटिन्छ। गुरुयोजना समुदायको क्षमता विकास गर्न, योजना तर्जुमा प्रक्रियामा समुदायमा रहेका सिमान्तकृत वर्गको सहभागिता सुनिस्चित गर्न स्रोतहरुको पहिचान र विध्यमान प्रयोगको अवस्था पहिचान गरि स्रोतहरुको विवेकपूर्ण उपयोग गर्न, वातावरण संरक्षण गर्न, पानीको बहु उपयोग गर्न, जलस्रोत सम्बन्धी विवाद समाधान गर्नका साथै सुशासन कायम गरी संस्थागत क्षमता अभिबृद्धी गर्न समेतका लागि क्षेत्रगत योजना तर्जुमाको दीर्घकालीन औजारका रुपमा लिन सकिन्छ।

उच्च संख्यामा गरिब र सीमान्तकृत समूहको बसोबास भएका क्षेत्रहरूलाई प्राथमिकता दिदै पानीका स्रोतहरुको संरक्षण र व्यवस्थापनमा ती समूहको सहभागिता सुनिश्चित गर्ने, स्वच्छ खानेपानी तथा सरसफाइमा सबै समुदायको पहुँच, वितरण र योगदान सुनिश्चित गर्न गुरुयोजना प्रभावकारी औजारको रुपमा रहेको जलउपयोग गुरुयोजना कार्यान्वयका अभ्यासकर्ताहरुको अनुभव रहेको छ।

१९९२ मा रियो दि जेनरियोमा सम्पन्न संयुक्त राष्ट्रसंघ वातावरण र विकास सम्मेलनको एजेण्डा २१ मा एकीकृत जलस्रोत व्यवस्थापन सम्बन्धी अवधारणालाई अनुमोदन गरेको र उक्त सम्मेलनले एकीकृत जलस्रोतको सिद्धान्तका रूपमा निम्न बुँदाहरु पारित गरेको थियो।

- शुद्ध पानी सिमित र जोखिमपूर्ण अवस्थामा रहेको छ, जुन जिवन निर्वाह, विकास र वातावरणीय दृष्टीकोणले अत्यावश्यक छ।

- शुद्ध पानी सिमित र जोखिमपूर्ण अवस्थामा रहेको छ, जुन जिवन निर्वाह, विकास र वातावरणीय दृष्टीकोणले अत्यावश्यक छ।

- पानीको विकास र व्यवस्थापन सहभागितात्मक विधिको आधारमा हुनु पर्छ, जसले सबै तहहरूमा उपभोक्ता, योजनाविद्, र नीति निर्मातालाई समाहित गर्दछ।

- पानीको व्यवस्था, व्यवस्थापन र संरक्षणमा महिलाहरुको भूमिका महत्वपुर्ण हुन्छ। पानीका सवै प्रतिष्पर्धी उपयोगहरूको आर्थिक मुल्य हुन्छ र पानीलाई आर्थिक वस्तुको रुपमा मान्यता दिनु पर्दछ।

### १.१.१. जलस्रोत क्षेत्रका राष्ट्रिय नीति तथा कानूनी प्रावधानहरु

नेपालको संविधानको विभिन्न भाग तथा धाराहरुमा जलस्रोत क्षेत्र सम्बन्धी प्रावधानहरु रहेका छन्। जलउपयोग गुरु योजना र जलस्रोत विकास सम्बन्धीत केहि प्रावधान निम्मानुसार रहेका छन।

- स्वास्थ्य सम्बन्धी हक "प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ" ।

धारा ५१ः "राज्यका नीतिहरु,

- जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै जलस्रोतको बहुउपयोगी विकास गर्ने" ।
- विकासका दृस्टी ले पछाडी परेका क्षेत्रलाई प्राथमिकता दिदै सन्तुलित, वातारण अनुकूल, गुणस्तरीय तथा दिगो रुपमा भौतिक पूर्वाधारको विकास गर्ने।
- विकास निर्माण प्रक्रियामा स्थानीय जनसहभागिता अभिवृद्धि गर्ने।
- जल उत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिंचाइको विकास गर्ने।
- जनसाधारणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाई औद्योगिक एंव भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, संवर्द्धन र दिगो उपयोग गर्ने।
- वातावरणीय सन्तुलनका लागि आवश्यक भू-भागमा वन क्षेत्र कायम गर्ने।
- प्रकृती, वातावरण वा जैविक विविधता माथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव निर्मुल वा न्यून गर्ने उपयुक्त उपायहरू अवलम्बन गर्ने।

- स्थानीय तहको एकल अधिकारको सूची अनुसूची ८ र साझा अधिकार सूची ७ र ९

यसका साथै खानेपानी तथा सरसफाइ सम्बन्धी ऐन २०७९ मा दफा ३३ को उपदफा ४ र दफा ३५ अनुसार लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरुलाई आत्मसात गर्दै सरसफाइका लागि गरिब/अति विपन्न तथा पछाडी पारिएका समुदाय र घरधुरीहरुलाई अनुदान तथा खानेपानी महसुलमा छुट दिने व्यवस्था गरिएको छ।

त्यसै गरि खानेपानी तथा सरसफाइ सम्बन्धमा व्यवस्था मिलाउने बनेको ऐन अन्तर्गत खानेपानी तथा सरसफाइको अधिकार, स्रोत तथा मूल संरक्षण, खानेपानी तथा सरसफाइ सेवाको संचालन तथा व्यवस्थापन, जिम्मेवारी तथा दायित्व, सेवा संचालन, योजनाको दिगो संचालन का लागि महसुल तथा सेवा शुल्क र खानेपानीको गुणस्तर र मापदण्डका लागि व्यक्ति, समुदाय र स्थानीय निकायको अधिकार, जिम्मेवारी तथा दायित्व रहने व्यवस्था गरिएको छ ।

माथी उल्लेखित संवैधानिक व्यवस्थाहरुले स्थानीय तहहरुको पानी क्षेत्रको विकासका लागि निर्दिष्ट योजना बनाउनु पर्ने सैद्धान्तिक आधार निर्माण भएको देखिन्छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा समेत आधाभुत स्वास्थ्य र सरसफाई, खानेपानी, सिंचाइ, वातावरणीय सवाल तथा उर्जा विकास जस्ता जलस्रोत क्षेत्रका सवालहरु सम्बोधन गर्न यथेष्ट व्यवस्था रहेको पाइन्छ। स्वच्छ खानेपानी तथा पानी क्षेत्रका निर्दिष्ट योजनाहरुको नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन जस्ता अधिकार स्पष्ट रुपमा स्थानीय सरकार सञ्चालन ऐनमा रहेका छना यसरी स्थानीय सरकारहरुले जलस्रोतको समष्टिगत विकासका लागि नीति निर्माण गरी आवधिक योजनाहरु मार्फत नागरिकका संविधान प्रदत्त अधिकार सुनिश्चितता लागि समेत जलउपयोग गुरुयोजना एक सहयोगी औजारका रुपमा रहने देखिन्छ।

### १.१.२. एकीकृत जलस्रोत व्यवस्थापनका अवधारणा र सिद्धान्तहरु

जलस्रोत व्यवस्थापनको अवधारणा र सिद्धान्तहरुको विकासक्रमलाई हेर्ने हो भने सन् १९७० को दशकसम्म जलस्रोतको विकास सन् १९८० को दशकसम्म जलस्रोत व्यवस्थापन र सन् १९९० को दशक पछी एकीकृत जलस्रोत व्यवस्थापनको अवधारणा र सिद्धान्तहरु को पप्रवर्द्धन भएको देखिन्छ ।

पानी विकासको लागि एउटा रणनीतिक प्राकृतिक स्रोत हो र देशको समग्र आर्थिक तथा सामाजिक विकासका लागि महत्वपूर्ण रहेको छ । पानीको समग्र उपयोग, जल जंगल र जमिनको एकीकृत सम्बन्ध सामाजिक तथा आर्थिक विकास, तल्लो तटीय र माथिल्लो तटीय सम्बन्ध, समुदायको सहभागिता तथा पारम्परिक ज्ञानको उपयोग र संस्थागत विकासको समग्र पद्दति नै एकीकृत जलस्रोत व्यवस्थापन

हो । कुनै एउटा जलाधार भित्रका पानीसँग सम्वन्धित आवश्यकताहरु सँगसँगै सम्वोधन गर्ने, जलस्रोतका विविध पक्षहरु बीच सामञ्जस्यता कायम गर्नुका साथै पर्यावरणको सन्तुलन कायम गर्ने किसिमको समष्टिगत अवधारणालाई नै एकिकृत जलस्रोत व्यवस्थापन भन्ने गरिन्छ । जलस्रोत विकासका विभिन्न क्षेत्रहरु जस्तैः खानेपानी, सिंचाइ, जलविधुत, वातावरण तथा पर्यावरण आदि सँगसँगै र एक अर्कालाई परिपुरक हुने किसिमले तर्जुमा र कार्यान्वयन गर्दै लैजानु अर्थात समग्र जलाधार क्षेत्रको व्यवस्थापनका माध्यमबाट जलस्रोत क्षेत्रको विकास नै एकिकृत जलस्रोत व्यवस्थापन हो। छरिएर रहेका स-साना जलभाग अथवा पानीका स्रोतहरुलाई संरक्षण, विवेकपूर्ण उपयोग तथा जल, जमिन र जंगल बीचको सामनजस्यता वा सह-सम्बन्धलाई मध्यनजर गर्दै ती स्रोतहरुको संरक्षण र विकासका लागि अपनाउनु पर्ने आवश्यक कामहरुको लेखाजोखा गर्नु एकिकृत जलस्रोत व्यवस्थापनको अवधारणा अन्तर्गत पर्दछ।

एकीकृत जलस्रोत व्यवस्थापन दिगो बहु-क्षेत्रीय विकास र अधिकतम आर्थिक र सामाजिक कल्याणको लागि पानीको व्यवस्थापनको महत्त्वपूर्ण प्रक्रिया हो, जसमा प्राकृतिक इकोसिस्टम प्रणाली र वातावरणीय/पर्यावरणीय सुरक्षालाई ध्यानमा राखिएको हुन्छ ।

एकिकृत जलस्रोत व्यवस्थापनका आधारभुत सिद्धान्तहरू अन्तर्गत सामाजिक समानता, आर्थिक सवलता र पर्यावरणीय दिगोपना रहेका छन ।

- सामाजिक समानताः सबै प्रयोगकर्ताहरू (विशेष गरी सीमान्तकृत र गरिब प्रयोगकर्ता समूहहरू) का लागि पर्याप्त मात्रामा र पानीको गुणस्तरमा समान पहुँच सुनिश्चित गर्नु सामाजिक समानता हो। पानीको बाँडफाँड गर्दा पानीमा समान पहुँच र पानीको प्रयोगबाट प्राप्तहुने लाभहरूमा सबै प्रयोग कर्ताहरुको समान अधिकार सुनिश्चित हुनु पर्दछ ।

- आर्थिक सवलताः उपलब्ध वित्तीय स्रोत र जलस्रोतहरूको प्रयोग बाट सम्भावित प्रयोगकर्ताहरूको आर्थिकः उन्नतिका लागि उपयुक्त विकल्प चयन गर्न आवश्यक रहेको छ। यसका लागि वर्तमान र भविष्यको सामाजिक र पर्यावरणीय लागत र लाभहरूको बारेमा विचार गर्नु आवश्यक रहेको छ।

- पर्यावरणीय दिगोपनाः पर्यावरणीय दिगोपनका लागि समग्र जलाधार क्षेत्रको स्वास्थ्यको संभावित जोखिमहरुको व्यवस्थापन सहितको योजना तर्जुमामा ध्यान पुर्‍याउनु पर्ने आवश्यकता रहेको हुन्छ।

एकीकृत जलस्रोत व्यवस्थापनका सम्वन्धमा तल उल्लेखित डक्लिनमा सिद्धान्तहरु जलउपयोग गुरुयोजना तर्जुमाका लागि अत्यन्तै आवश्यक रहेका छन्।

- सिद्धान्त १ : शुद्ध पानी सिमित जोखिमयुक्त स्रोत हो जुन बाँच्न, विकास गर्न तथा वातावरणको लागि अत्यावश्यक छ।
- सिद्धान्त २ : पानीको विकास र व्यवस्थापन सहभागितात्मक विधिको आधारमा हुनु पर्छ जसले उपभोक्ता योजनाविद, नीति निर्मातालाई समाहित गर्दछ।
- सिद्धान्त ३ : पानीको सुरक्षात्मक व्यवस्थापनमा महिलाहरुको महत्वपूर्ण भूमिका हुन्छ ।
- सिद्धान्त ४ : पानी सामुदायिक वस्तु हो तर यसको उच्च आर्थिक महत्व पनि छ।

### १.१.३. दिगो विकास लक्ष्य

सन २०१५ मा संयुक्त राष्ट्र संघको साधारण सभाबाट अनुमोदन गरिएका १७ वटा दिगो विकास लक्ष्य १५ वर्षमा पुरा गर्न विश्वब्यापी रुपमा १६९ वटा परिमाणात्मक लक्ष्य निर्धारण गरी यसको प्रगति मुल्याँकन गर्न २३२ सूचकहरु पनि तयार गरिएका छन्। यसै गरी नेपालमा ति १७ वटा लक्ष्य पुर्तिका निम्ति ४७९ वटा सूचकहरु निर्धारित गरिएका छन। यसरी निर्धारण गरिएका १७ वटा लक्ष्यहरु एक-आपसमा अन्तर सम्बन्धीत छन ।

उपरोक्त १७ वटा दिगो विकास लक्ष्य अन्तर्गत लक्ष्य - ६ माः खानेपानी सरसफाइ तथा स्वच्छता व्यवस्थापनका साथै एकीकृत जलस्रोत व्यवस्थापनका क्षेत्रमा सन् २०३० सम्ममा के के उपलब्धि हासिल हुनुपर्ने भन्ने आधारमा तय गरिएको छ। दिगो विकास लक्ष्यको लक्ष्य नं. ६ ले खानेपानी तथा सरसफाइ सम्वन्धमा दिशानिर्देश गरेको छ। अन्तराष्ट्रिय स्तरमा नेपालले समेत प्रतिबद्धता जाहेर गरेको दिगो विकास लक्ष्य हासिल गर्नु स्थानीय सरकारको समेत कर्तव्य हुन आउछ। यस परिवेशमा दिगो विकास लक्ष्य हासिल गर्न स्थानीय सरकारहरुले प्रक्रियागत विकासमा ध्यान पुर्‍याउनु पर्ने देखिन्छ। जलस्रोत क्षेत्रको समष्टिगत विकासका लागि उपलब्ध कानूनी प्रवन्ध तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धताहरु हासिल गर्न जलउपयोग गुरुयोजना निर्माणको औचित्य अझै बढी पुष्टी हुन्छ ।




दिगो विकास लक्ष्य-६ को समग्र सूचक सन् २०३० सम्म, सबैका लागि सफा पानी तथा सरसफाइमा पहुँच सुनिश्चित गर्ने" रहेको छ भने, विशिष्ट सूचकहरू निम्न रहेका छन्।

- सबैका लागि सुरक्षित तथा खर्चले धान्न सक्ने मूल्यमा पिउने पानीमा सर्वसुलभ तथा समतामूलक पहुँच हासिल गर्ने।
- सबैका लागि पर्याप्त तथा समतामूलक सरसफाइ र स्वच्छतामा पहुँच हासिल गर्ने र खुला ठाउँमा दिसा गर्ने चलनको अन्त्य गर्ने।
- पानी तथा सरसफाइ व्यवस्थापनको सुधारका लागि स्थानीय समुदायहरूको सहभागितालाई साथ दिई त्यसलाई अझ सबल बनाउने।

दिगो विकास लक्ष्यहरुमा उल्लेखित लक्ष्य र नेपालले अन्तराष्ट्रिय क्षेत्रमा गरिएका प्रतिवद्दताहरु हासिल

गर्न निम्न अनुसार रणनीति तथा क्रिकलप हरु गर्दै आइ रहेको छ। क्षेत्रगत विकास योजना खानेपानी, सरसफाइ स्वच्छताका क्षेत्रमा निम्मानुसार अवधि र लक्ष्यहरु लिईएको छ।

तत्कालीन चरण (ई. २०१६- २०२०): सबैको आधारभुत "वाश" सेवाहरुमा पहुँच सेवाको स्तरमा सुधार (मध्यम २५%/उच्च १५%) जनसंख्या

मध्यकालीन चरण (ई. २०२१- २०२५): सेवाको स्तरमा सुधार (मध्यम ४०%/उच्च ३०%) जनसंख्या कार्यदक्षता र दिगोपनमा सुधार

दीर्घकालीन चरण (ई. २०२६- २०३०): सेवाको स्तरमा सुधार (मध्यम ५०%/ उच्च ५०%) जनसंख्या प्रभाव लेखाजोखा

दिगो विकास लक्ष्य हासिल गर्न नेपाल सरकार खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थान विभाग ले खानेपानी क्षेत्र विकास योजना २०१५-३० तयार पारी कार्यान्वयन गर्दै आइ रहेको छ।

यसका साथै खानेपानी तथा ढल व्यवस्थान भिभाग अन्गर्गत खानेपानी तथा सरसफाइको को अवस्था पहिचान गर्न एन वाश एप्लिकेशन प्रयोग गरी तत्थ्यांक संकलन गर्ने र त्यसका अधारमा खानेपानी तथा सरसफाई योजना तर्जुमा गर्ने प्रक्रिया को शुरुवात गरेको छ।

साथै हाल सम्म भिभिन्न प्रकारका योजना अन्तर्गत खानेपानीमा ९३% जनसंख्या को पंहुच रहेको छ र आगामी वर्षको नीति, कार्यक्रम तथा बजेट मार्फत आगामी वर्षमा ९८% पुर्याउने लक्ष्य लिएको छ ।

खानेपानी सरसफाइमा सबैको पहुँच सुनिश्चित गर्न एक घर एक धारा प्रणाली लागु गरेको छ /नेपाल सरकारले भिभिन्न दात्रीनिकायसँग साझेदारी गरी स्थानीय निकाय को नेतृत्वमा समुदाय स्तरमा खानेपानी तथा सरसफाइ योजना लगायत अन्य क्षेत्रको योजना तर्जुमा र कार्यान्वयन गर्दै आइरहेको छ

१.१.४. अन्तरक्षेत्रीय सवालहरु

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

जलउपयोग गुरुयोजना स्थानीय समुदायको सहभागितामा निर्माण हुने हुदा पानीसँग प्रत्यक्ष सरोकार राख्ने लिङ्ग, वर्ग र समुदायको आवश्यकता र चाहनामा आधारित हुने गर्दछ। नेपाल सरकारले बि.सं. २०७४ सम्ममा सबै नेपाली जनतालाई आधारभूत खानेपानी र सरसफाइ सेवा उपलब्ध गराउने राष्ट्रिय लक्ष्य

हासिल गर्ने तर्फ अग्रसर रहेको छ। त्यसका लागि पानी वितरण र उपभोग प्रक्रियालाई न्यायोचीत र समावेशी बनाउन जलउपयोग गुरुयोजनाले सहयोग पुरयाउँदछ। पानीको घरायसी प्रयोगका लागि महिलाहरु पानीसँग बढी संलग्न हुने हुँदा पानिका स्रोतहरुको पहिचान, स्रोत छनौट देखि योजना तर्जुमाका चरणहरुमा महिलाहरुको उल्लेख्य सहभागिता गराई जलउपयोग गुरु योजना तयारी गरिन्छ । त्यस्तै अपांगता भएका व्यक्तिहरुको खानेपानी र सरसफाइ जस्ता आधारभूत सेवाहरुमा पहुँच बढाउन तथा अपांगतामैत्री अवधारणाको विकासका लागि उनिहरुको जलउपयोग गुरुयोजना निर्माणका हरेक चरणमा सहभागिता सुनिश्चित गर्दछ। हाम्रो देशको परिवेशमा जलस्रोतको पहुँच र नियन्त्रणमा लैङ्गिकताका आधारमा छाउपडी र जातिय भेदभावबाट प्रायः महिला, बालीका र सीमान्तकृत समूहका सदस्यहरू बढी प्रभावित भएको देखिन्छ। पानीको स्रोतको संरक्षण, पिउने पानी घर नजिक उपलब्ध हुँदा र निर्णय गर्ने तहमा महिला तथा सीमान्तकृत समूहको सहभागिताले उनीहरूको समयको बचत लैङ्गिक हिंसाको जोखिम, शोषण र नकारात्मक परिणामहरू कम गर्न मद्धत गर्दछ, साथै समुदायको जीविकोपार्जन प्रत्यक्ष रुपमा पानीसँग जोडिएको हुने हुदा त्यस्ता विपन्न वर्गहरुको सहभागिता जस्ता लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरुलाई जलउपयोग गुरुयोजना निर्माण र तत् पश्चातका कार्यान्वयन प्रकृयामा समेटेको हुन्छ।

जलवायु परिवर्तन अनुकूलन तथा विपद जोखिम व्यवस्थापन

जलवायु परिवर्तनले गर्दा नेपालमा औसत पानी पर्ने समयमा घटबढ भइरहेको हुँदा जलस्रोतहरुमा पानीको बहाव घट्दै गईरहेको र त्यसले प्रत्यक्ष रुपमा समुदायको खानेपानी आपूर्ति, सिंचाइ लगायत जीविकोपार्जनमा नकारात्मक प्रभाव पारेको छ। त्यस्तै विभिन्न किसिमका प्राकृतिक प्रकोपहरू मुख्यतः बाढी, पहिरो, भूकम्प जस्ता प्रकोपहरूले खानेपानी तथा सिंचाइका लागि प्रयोग भएका पानीका मुहानहरु पुरिने, सुक्ने, हराउने र भासिने गरेको हुँदा त्यसले एकातिर समुदायको खानेपानी तथा जीविकोपार्जनका लागि आवश्यक पानीको अभाव भइरहेको छ भने अर्कोतिर खानेपानी, सिंचाइ तथा जलस्रोत व्यवस्थापनका लागि निर्मित संरचनाहरुको दिगोपना र सुचारुपनामा असर पुर्‍याई रहेको छ। उपरोक्त सवालहरुलाई सम्बोधन गर्नका लागि स्रोतसँग सम्बन्धीत, पानीको स्रोतको नजिक रहेको र स्रोतको प्रयोग गरि रहेको व्यक्ति तथा समुदायको महत्वपूर्ण भूमिका रहेको हुन्छ । त्यसकारण निश्चित भूगोल क्षेत्र तथा समुदायमा रहेका पानीका स्रोतहरुको अधिकतम प्रयोग र संरक्षणको जिम्मेवारी तथा भूमिका त्यहि बसोबास गर्ने समुदाय, स्थानीय निकाय र संघ सस्थाहरुको रहन्छ । यस्ता समस्याहरुको न्यूनीकरणका लागि स्थानीय निकाय र जन समुदायको क्षमता विविकास गरि उनिहरुको अगुवाई तथा सभागितामा जल उपयोग गुरुयोजना तयारी गर्नु आवश्यक हुन्छ । त्यसकारण जलउपयोग गुरुयोजनाले समुदायको क्षमता अभिवृद्धि गरि जलवायु परिवर्तन अनुकूलित र प्रकोपहरु आइपर्दा पनि जोखिम कम

हुने हिसाबले गरिने योजना तर्जुमालाई महत्व दिएको छ, जसबाट जलवायु परिवर्तनका असरहरु न्यूनीकरण हुनुका साथै विपद जोखिम व्यवस्थापनमा मद्दत पुग्दछ ।

## १.२. जलउपयोग गुरुयोजनाका उद्देश्य र क्षेत्र

### १.२.१. जलउपयोग गुरुयोजनाका उद्देश्यहरु

जलउपयोग गुरुयोजनाको प्रमुख उद्देश्य स्थानीय स्तरमा जलस्रोतको प्रभावकारी, समानुपातिक, पारदर्शी र दक्ष रुपले पानीको बहु-उपयोग गर्न एकीकृत योजनाको विकास गर्नु हो। यस योजनाले स्थानीय सरकार र मातहतका जलाधार क्षेत्रहरु भित्रका कुनै निश्चित समुदाय वा समुदायहरु बीचमा जलस्रोतको सहीं उपयोग, समानुपातिक वितरण तथा बाँडफाँड मार्फत दिगो रुपमा सवै प्रकारका आवश्यकताहरु पुरा गर्न सुनिश्चितता प्रदान गर्दछ। यसका साथै स्थानीय सरकार, समुदाय र पछाडी पारिएका समुदायको क्षमता विकास गरि उनीहरुको पहुँच, अपनत्व र पूर्ण सहभागिता गराएर पानीको अधिकतम उपयोग र दिगोपनको सुनिश्चित गर्नु पनि यसको प्रमुख उद्देश्य रहेको छ ।

जलउपयोग गुरुयोजनाका विशिष्ट उद्देश्यहरु यसप्रकार रहेका छन;

- सम्बन्धीत भूगोल भित्रको जलस्रोतसँग सम्बन्धीत सूचना, विध्यमान अवस्था तथा सुविधाहरु पहिचान गर्ने।
- पानीका उपलब्ध सबै स्रोतहरुको विश्लेषण गरी स्रोतहरुको समतामूलक, विवेकपूर्ण प्रयोग र दिगोपनाको सुनिश्चितता गर्नका साथै साथै योजना प्रति अपनत्वको भावनाको विकास गरी निर्मित संरचनाहरुलाई दीर्घकालीन बनाउन मद्धत गर्ने।
- जलस्रोतहरुको बहुउपयोग गर्नको लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना तर्जुमा गरि यस क्षेत्रमा दीर्घकालीन लगानी प्राप्त गर्ने।
- वातावरणीय दिगोपनाको साथै जल सम्बन्धित भौतिक पुर्वाधारहरु र तिनको दिगो व्यवस्थापनको लागि संस्थागत र वित्तीय व्यवस्थापन सुनिश्चित गर्ने।
- जलस्रोत क्षेत्रको लगानी नीति तथा दुरदृष्टी निर्माण गरी लक्ष्य हासिल गर्न आन्तरिक तथा बाह्य श्रोत तथा सरोकारवाला पहिचान गर्ने।

- गाउँपालिका स्तरका जलस्रोत र यससँग सम्बन्धित प्राकृतिक स्रोतहरुको संरक्षण गर्न, सरसफाइ र स्वच्छता प्रवर्द्धन आदिमा सरोकारवालाहरुको क्षमता विकास गर्ने।

- जलस्रोत, सरसफाइ र स्वच्छताको क्षेत्रमा पारदर्शिता, सहभागिता र जवाफदेहिताको अभ्यासको माध्यमबाट सुशासन प्रबर्धन गर्ने।

- जलाधार तथा उपजलाधार क्षेत्र भित्र पर्ने पानीका स्रोतहरुको संरक्षणमा बढावा दिदै पानीको पुनर्भरण पुनर्धारण र पुनर्डपयोग तथा वातावरणीय स्वच्छताका पक्षहरुमा सम्वन्धित सरोकारवालाहरुको क्षमता जलस्रोत, सरसफाइ र स्वच्छता सम्बन्धी सेवाहरूको उपयोगबाट प्राप्त हुने लाभहरूमा समतामूलक पहुँचका साथै जलस्रोतको न्यायोचित बाँडफाँड सुनिश्चित गर्ने।

- पानीसँग सम्बन्धित योजना तर्जुमा, क्षमता विकास र कार्यान्वयनका हरेक पक्षमा महिला तथा अन्यं सीमान्तकृत समूहहरूको समतामूलक सामाजिक तथा आर्थिक विकासलाई प्रवर्धन गर्ने।

१.२.२. जलउपयोग गुरुयोजनाले समेटने क्षेत्रहरु

कुनै निश्चित क्षेत्र भित्र अवस्थित पानीका स्रोतहरु (पृथ्वीको सतह माथी वा सतहका वा सतह भित्रका) को व्यवस्थापनगरी दिगो उपयोग गर्न गुरुयोजनाले समटने क्षेत्रहरुलाई जलस्रोत व्यवस्थापन कुर्सीका माध्यमबाट ब्याख्या गर्ने गरिन्छ।


जलस्रोत व्यवस्थापन कुर्सीः जलउपयोग गुरुयोजनालाई विद्यमान कानूनी प्रावधानहरु अनुसार निर्माण गर्न तथा गुरुयोजना तयारीलाई सहज बनाउनुका साथै योजना निर्माण प्रकृयालाई ब्यवस्थित रुपमा सञ्चालन गर्नका लागि जलउपयोग व्यवस्थापन कुर्सीको अवधारणालाई अवलम्बन गरिएको छ । यो अवधारणा सरोकारवालाहरुको बुझाईमा एकरुपता ल्याउन निकै प्रभावशाली औजारका रुपमा रहेको छ । जलस्रोत व्यवस्थापन कुर्सीले औल्याएका र गुरुयोजनाले समट्ने ४ (चार) वटा क्षेत्रहरुको चर्चा तल गरिएको छ ।

- खानेपानी तथा सरसफाइः खानेपानीका योजनाहरु (नयाँ, मर्मत, पुर्ननिर्माण, सेवा विस्तार र सतह भूमिगत, बर्षातको पानी आदि), स्रोत सुधार तथा संरक्षण, स्वच्छता, सरसफाइ र चर्पी निर्माण, व्यक्तिगत, घरेलु तथा वातावरणीय सरसफाई खुला दिसा मुक्त तथा पूर्ण सरसफाइ योजना र योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार रणनीति आदि ।

- सिंचाइ तथा निकासः- परम्परागत कुलो सिंचाइ योजना र लघु तथा आधुनिक पोखरी सिंचाइ योजनाहरु र ढल निकास। परम्परागत सिंचाइ (कुलो, नहर) प्रणाली हालको सिंचाइ प्रणालीहरुको मर्मत सम्भार तथा पुनःनिर्माण आदि। आधुनिक सिंचाइ (फोहरा सिंचाइ, थोपा सिंचाइ, पोखरी) करेसाबारीको लागि लघु सिंचाइ, खेरजाने पानीको उचित निकास तथा करेसावारी व्यवस्थापनमा प्रयोग आदि,।

- वातावरण तथा पर्यावरणः स्रोत सुधार तथा संरक्षण, स्रोतहरुको पुनर्भरण, पुनर्धारण र पुनर्रपयोग क्रियाकलापहरु, बर्षातको पानी संकलन, विभिन्न पोखरीहरु निर्माण तथा (मनोरञ्जनात्मक र धार्मिक, माछ्यापोखरी, आहाल), वन व्यवस्थापन, चरन क्षेत्रहरुको व्यवस्थित विकास, पाखो तथा गह्रा सुधार, नदीं नियन्त्रण, पहिरो नियन्त्रण, वातावरणीय सरसफाइ आदि, ।

- जलशक्ति र अन्यः परम्परागत तथा सुधारिएको पानीघट्ट, साना जलबिद्युत उत्पादन आदि। पानीमिल, सुधारिएको घट्ट, घरेलु उद्योगका लागि पानी, लघु जलबिद्युत योजना, माछ्रा पोखरी, जनावरका लागि पानी, धार्मिक प्रयोजनका एवं जलक्रिडास्थलका लागि पानी, उन्नत स्तरको जीविकोपार्जन लघुवित्त विकास (सामुदायिक संस्था र सहकारी आदि) माथि उल्लेखित मुख्य क्षेत्र बाहेक पनि गुरुयोजनाको समग्र निर्माण चरणले तपसिलका बिषयबस्तु समेटेका हुन्छ।




- जलश्रोत व्यवस्थापन कुर्सीले जलवायु परिवर्तन अनुकूलन, विपद जोखिम व्यवस्थापनका लागि पानीका स्रोतहरुको पुनर्भरण, पुनर्धारण र पुनप्रयोग।

- सरोकारवालाहरुको छलफलको थलोः जलस्रोतहरुको समष्टिगत प्रयोगमा उत्पन्न हुन सक्ने विवाद न्यूनीकरण, जलाधार क्षेत्रहरु विचको पारस्परिक सम्वन्ध, पानीको उपयोगितामा पानीका उपयोगक क्षेत्रहरुको प्राथमिकता आदि।

- क्षमता अभिबृद्धीः स्थानीय तह, समुदायहरुको आन्तरिक तथा बाह्य स्रोत साधनको परिचालन जनसहभागिताका पक्षहरु, राजनैतिक क्षेत्रको प्रतिवद्धता, कानूनी विषयहरुको सचेतिकरण, स्थानीय स्रोत साधनहरुको समग्र विश्लेषण र स्थानीय समुदायहरुको क्षमता विकास आदि।

समग्रमा स्थानीय सरकारहरुले आफ्नो योजना तर्जुमा, कार्यान्वयन र मुल्याङ्कन गर्दा साथै स्रोत साधन जुटाउन र सरोकारवालाहरुलाई छलफल र लगानीको वातावरण बनाउन जलस्रोत व्यवस्थापन कुर्सीलाइ सहज औजारको रुपमा प्रयोग गर्न सक्दछन।

१.३. जल उपयोग गुरुयोजना निर्माणमा अपनाइएका पद्दतीहरु

१.३.१. स्थानीय तहका विद्यमान रणनीतिक योजनाहरुको समीक्षा

यस गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको क्षेत्रगत योजना तथा नीतिहरु बनेको देखिदैन। हाल NWASH र जलउपयोग गुरुयोजना निर्माणको अवधिमा यस गाउँपालिकाको सबै बस्तीहरुमा छलफल गरि NWASH प्रणाली अद्यावधिक गरि जलउपयोग गुरुयोजनाका लागि आवश्यक पर्ने तथ्याङ्कहरु सङ्कलन र प्रविष्टि गरिएको छ। यसका साथै गाउँपालिकाले तपशिलका नीति, कार्यविधि तथा योजनाहरु निर्माण गरेको देखिन्छ। अजयमेरु गाउँपालिकामा तयार पारिएका ऐन, नीति तथा कार्यविधिहरु तालिका १ मा प्रस्तुत तरिएका छन् ।

तालिका 1: गाउँपालिकाले निर्माण गरेका विभिन्न ऐन, नीति, कार्यविधि तथा योजनाहरुगाउँपालिकाले निर्माण गरेका ऐन/नीति, कार्यविधि तथा योजनाहर

- अजयमेरु गाउँपालिका खानेपानी तथा स्वच्छता व्यस्थापन कार्यविधि २०७९

- स्थानीय विपद तथा पुर्व तयारी तथा प्रतिकारी योजना २०८१

- विपद व्यवस्थापन तथा कार्य संचालन कोष कार्यविधि २०७५

- विपद न्युनीकरण जोखिम व्यस्थापन ऐन २०७६

- स्थानीय विपद तथा जलवायु उत्थानशिल योजना २०८१
- आर्थिक ऐन २०८२
- योजना अनुगमन कार्यविधि २०७६
- आधारभूत स्वास्थ्य तथा सरसफाई ऐन २०७६
- शिक्षा ऐन २०७७

स्रोतः अजयमेरु गाउँपालिकाको वेबसाइट, https://ajayamerumun.gov.np


माथि उल्लेख गरिए अनुसारका केहि ऐन, कार्यविधि तथा योजनाहरुको निर्माण गरिएको भएता पनि त्यसको पूर्ण रुपमा कार्यान्वयन हुन सकेको देखिदैन। सबै ऐन कानूनहरु वेव साइटमा राख्ने तयारि समेत भै रहेकको साथै गाउँ पालिकाले विभिन्न क्षेत्रसँग सम्बन्धित अन्य ऐन/ नीति/ कार्यविधिहरु पनि बनाउने योजना रहेको छ। खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्धन का लागि प्रत्यक्ष रुपमा सहयोग पुर्‍याउने नीति तथा रणनीतिहरु जस्तैः जलस्रोत नियमावली, खानेपानी तथा सरसफाइ रणनीति/पूर्ण सरसफाइ रणनीतिहरु बनेको देखियो। त्यसैले पनि अब निर्माण हुने खानेपानी, सरसफाइ तथा स्वच्छता योजना र यस जलउपयोग गुरुयोजना गाउँपालिकाको लागि क्षेत्रगत योजना तर्जुमा गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

### १.३.२. रणनीतिक योजनाहरुको एकीकरण

जलउपयोग गुरुयोजना तयारीका लागि गाउँपालिकामा तर्जुमा गरिएका जलस्रोतसँग सम्बन्धित ऐन, नीति, नियम र योजनाहरुको अध्ययन, विश्लेषण र उपलब्ध तथ्याङ्कहरुको एकिकरण गर्ने कार्य गरिएको छ। गाउँपालिकाको WASH योजना, गाउँ पार्श्वचित्र, विभिन्न विषयगत शाखाका तथ्याङ्कहरुका साथै सरोकारवाला निकायहरुको तथ्याङ्कहरुलाई समेतलाई समायोजन गरी गुरुयोजनाको अन्तिम प्रारुप तयार गरिएको छ। जलउपयोग गुरुयोजना तयार गर्दा गाउँपालिकामा उपलब्ध तथ्याङ्कहरुका अतिरिक्त आवश्यक अन्य तथ्याङ्कहरु सामाजिक तथा प्राविधिक सर्वेक्षण, सर्वेक्षणका क्रममा गरिएका भेला, अन्तरक्रिया, लक्षीत समूह/समुदाय भेटघाटमा आधारित भई प्रचलित ऐन कानूनहरुलाई समेत ध्यानमा राख्दै योजनाहरु तर्जुमा गरिएका छन् ।

### १.३.३. जलउपयोग गुरुयोजना तयारी प्रकृया र चरणहरु

जलउपयोग गुरुयोजनाको अन्तिम प्रतिवेदन गाउँपालिकास्तरमा गरिएका श्रृंखलाबद्ध क्रियाकलापहरुको नतिजा हो। गुरुयोजना तयारीमा गरिएका क्रियाकलापहरुमा गाउँपालिकाकामा तर्जुमा गरिएका क्षेत्रगत रणनीति तथा योजनाहरु अध्ययन, गाउँपालिकाको वस्तुस्थिति अवलोकन, समुदाय स्तरमा गरिएका सर्वेक्षण, अन्तक्रिया, जनचेतना तथा क्षमता विकास निश्चित समुदाय तथा जानिफकार भेटघाट, संस्थागत क्षमता विकासका कार्यहरु तथा तथ्याङ्क प्रमाणीकरण तथा योजना तर्जुमा गोष्ठीहरु पर्दछन् । गुरुयोजना तयारीनिर्माण गरि कार्यान्वयनमा ल्याईएको छ। यस प्रक्रियामा निम्न अनुसारका पाँचवटा चरण अन्तर्गत चित्र-२ अनुसार १३ वटा खुड्किलामा आधारित रही जलउपयोग गुरुयोजनाको कार्य सम्पादन गरिएको थियो। तयारी तथा पुर्व योजना तर्जुमा चरण




जलउपयोग गुरुयोजना तयारीका मुख्य चरण तथा खुड्किलाहरु

अध्याय २

गाउँपालिकाको सामान्य परिचयः

## २.१ भौगोलिक अवस्थिति र सिमाना

प्राकृतिक सुन्दरताले सुशोभित यस क्षेत्रको नामाकरण हुनुपुर्व कालमा २ वटा गर्खाहरु (भुत्यु गर्खा र पिलको गर्खा) को नामले परिचित थिए भने पछि आएर ५ वटा गाविसहरु समैजी, अजयमेरु, भद्रपुर,चिपुर र देवल दिव्यपुर गा वि स को नामबाट परिचित गा वि स हरु संघियताको नयाँ स्वरुपमा साविकका समैजि, अजयमेरु,भद्रपुर,चिपुर लाई १ ( १ वडा र देवल दिव्यपुर लाई २ वटा वडामा विभाजन गरि ६ वटा वडामा विभाजन गरि साबिक भद्रपुर गा.वि.स लाई गाउँपालिकाको सदरमुकामको रुपमा स्थापना गरि गाउँपालिकाको स्थापना गरियो ।

भौगोलिक स्थितिः

प्रदेशः ७ नम्बर प्रदेश (सुदूरपश्चिम प्रदेश)

जिल्लाः डडेल्धुरा

सदरमुकामःभद्रपुर, (अ.गा.पा. वडा नं ३)

**सिमाना**

पूर्वः अमरगढी नगरपालिका

पश्चिमः बैतडी जिल्ला ( मेलौली नगरपालिका)

उत्तरः बैतडी जिल्ला(पाटन नगरपालिका)

दक्षिणः भागेश्वर गाउँपालिका

भौगोलिक अवस्थितिः

अक्षांशः २८.५९° देखि २९.२६° उत्तर

देशान्तरः ८०.१२° देखि ८०.४° पूर्व

उचाईः समुद्रि सतह देखि ४६२ मि. देखि २६३९ मि. सम्म

क्षेत्रफलः १४९.६२ वर्ग कि.मि

## २.२ भौगोलिक वनावट

यस गाउँपालिकाको आकार पूर्व र पश्चिम फराकिलो र उत्तर दक्षिण सागुँरो छ  यसको भू-भाग समुद्री सतहबाट न्यूनतम ४२३ मि. देखि २६३९ मि. उचाईसम्म रहेको छ ५०० फिटदेखि १००० फिट उचाई सम्म रहेको धनधस्या जस्ता यसका रमणिय डाडाँहरु हुन ।

| सि.न. | जग्गाको किसिम | प्रतिशत |
|---|---|---|
| १. | एक डिग्री भन्दा कम भिरालो प्रवाहित लेदो माटो (दोमट/ढुङ्गयान) | 0.2 |
| २. | एक डिग्री भन्दा कम भिरालो नयाँ प्रवाहित लेदो माटो भएका अग्ला कान्लाहरु | 0.34 |
| ३. | एक डिग्री भन्दा कम भिरालो नयाँ प्रवाहित लेदो माटो भएका होचा कान्लाहरु | 0.138 |
| ४. | एक डिग्री भन्दा कम भिरालो प्रवाहित लेदो माटो (बलौटे/ ढुग्ङयान) | 0.93 |
| ५. | एक डिग्री भन्दा कम भिरालो टार/फ्यान (दोमट) | 0.47 |
| ६. | एक डिग्री देखी पाँच डिग्री भिरालो टार/फ्यान (दोमट) | 0.889 |
| ७. | एक डिग्री देखी पाँच डिग्री भिरालो उबडखाबड  टार/फ्यान (दोमट) | 1.7 |

| | | |
|---|---|---|
| ८. | एक डिग्री देखी पाँच डिग्री भिरालो प्रवाहिक लेदो माटो/ फयान (बलौटे/ढुङ्गयान) | 0.33 |
| ९. | सुन्य देखी ५ डिग्री भिरालो पूरानो ताल तलैया तथा नदि किनारको माटो | 0.57 |
| १०. | अग्लो भिरालो पहाडको माटो (५) डिग्री भन्दा बढी देखी १० डिग्री भन्दा कम | 1.82 |
| ११. | अग्लो भिरालो पहाडको माटो (१० डिग्री भन्दा बढी २० डिग्री भन्दा कम | 19.54 |
| १२. | अग्लो भिरालो पहाडको माटो (२० डिग्री भन्दा बढी ३० डिग्री भन्दा कम) | 17.27 |
| १३. | अग्लो भिरालो पहाडको माटो ( ३० डिग्री भन्दा बढी | 55.77 |
| | जम्मा | 100 |

## २.३ वडाहरुको क्षेत्रफलः

| सि.न. | वडा नं | क्षेत्रफल (वर्ग कि.मि) | गा.पा को अंश (प्रतिशतमा) |
|---|---|---|---|
| १. | वडा नं १ समैजी | २९.८९ | १९.९८ |
| २. | वार्ड नं.२ अजयमेरु | ३५.२५ | २३.५६ |
| ३. | वार्ड नं.३ भद्रपूर | १६.०६ | १०.७३ |
| ४. | वार्ड नं.४ चिपूर | २२.२५ | १४.८७ |
| ५. | वार्ड नं.५ देवल | २६.१६ | १७.४८ |
| ६. | वार्ड नं.६ जनचेतना | २०.०१ | १३.३७ |
| **जम्मा** | | **१४९.६२** | **१००.००** |

स्रोतः डडेल्धुरा जिल्लाको उर्वराशक्ति नक्सा, २०६८

**जमिनको भिरालोपनको अवस्था**

यस जिल्लाको भूबनौट अनुसार जिल्लाको सवैजसो भूभाग मानवीय उपयोगमा आउन सक्ने देखिन्छ । तर कृषिजन्य उपयोगकोलागि ३० डिग्री भन्दा वढी भिरालो भएको जमिन (५५.७७ प्रतिशत) खेतीका लागि उपयुक्त

नभई  फपुल तथा अन्य जडी बुटी उत्पादनका लागि उपयुक्त देखिन्छ ।

### २.४ भु-उपयोग स्थितिः

नापी विभागले तयार गरेको Topogrphic Map 1998 अनुसार यस गाउँपालकाको कुल क्षेत्रफल १४९.६२ हेक्टर रहेको छ । ती मध्येको व्यक्तिगत स्वामित्वमा रहेको आवादी जमिनको भू-उपयोग स्थिति तल तालिकामा प्रस्तुत गरिएको छ ।

| सि.न | वडा नं | जग्गा रोपनीमा | | | **जम्मा** |
|---|---|---|---|---|---|
| | | खेत | पाखो | धरबारी | |
| १. | वडा नं १ समैजी | १०७७ | ५५०.२ | २६०.१ | **१८८७** |
| २. | वडा नं २ अजयमेरु | १०४७ | ६३१९ | ५५२.२ | **७९१८** |
| ३. | वडा नं ३ भद्रपुर | २८४ | २२५२ | ७८४.५ | **३३२१** |
| ४. | वडा नं ४ चिपुर | ३८५.५ | ३१३२ | १२४४ | **४७६१** |
| ५. | वडा नं ५ देवल | ९२०.५ | २४७७ | १३३७ | **४७३४** |
| ६. | वडा नं ६ राजुल | ४६१.२ | १६३० | ३३८.५ | **२४२९** |
| **जम्मा** | | **४१७६** | **१६३६०** | **४५१५** | **२५०५०** |

## २.५ जलवायुः

डडेल्धुरा जिल्लामा समुद्री सतहबाट ४३२ मिटर देखि लिएर महाभारत श्रेणीको २६३९ मिटर उचाई सम्म फैलिएको छ यस गाउँपालिकामा अधिकाशं समय जाडो मौसम रहने र हिउँद महिनामा हिउ समेत पर्ने गर्दछ ।धरातलिय स्वरुप अनुसार यहाँको हावापानीको मुख्य ३ भागमा बाँडन सकिन्छ ।

**२.५.१ उष्ण जलवायुः** यस गाउँपालिकाको पश्चिमी क्षेत्रको सोर्नया तथा राइल्ड गाड द्धारा निर्मित समथल भू-भागहरु जस्तैः देवल दिव्यपुरको नदिका किनारका भागहरुको ४६२ मि देखि ८०० मि. सम्मका यस प्रकारको हावापानी पाईन्छ । गर्मि मौसममा औषत २०-३७ डिग्री सेल्सियस सम्म तापक्रम रहन्छ ।

२.५.२ ***समशितोष्ण जलवायुः***

गाउँपालिकाको उत्तरी क्षेत्रको पहाडको ८०० मि. देखि २००० मि. यस प्रकारको हावापानी पाईन्छ यस जिल्लाका जस्तैः देवल,दिव्यपुर,चिपुर,भद्रपुर अर्थात वडा नं ३,४,५,६ मा यस प्रकारको हावापानी पाईन्छ। गर्मि मौसममा औषत २०-२५ डिग्री सेल्सियस सम्म तापक्रम रहन्छ ।

## २.५.३ शितोष्ण

यस गाउँपालिकाको उत्तरी भागको विशेषगरी वडा नं १,२ को माथिल्लो क्षेत्रको २००० मि देखी २२०० मि. को उचाई सम्म यस प्रकारको हावापानी पाईन्छ । गर्मि मौसममा औषत १५-२० डिग्री सेल्सियस सम्म तापक्रम र हिउँद महिनामा ० डिग्री सम्म झर्नुको साथै हिउँ पर्ने गर्दछ ।

## २.६ जातिगत आधारमा जनसंख्या विवरण

| सि.न | वडा नं | जातजाति | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दलित | | | ब्राह्मण | | | अन्य | | |
| | | महिला | पुरुष | **जम्मा** | महिला | पुरुष | **जम्मा** | महिला | पुरुष | **जम्मा** |
| १ | वडा नं १ समैजी | 318 | 273 | 591 | 280 | 329 | 609 | 824 | 869 | 1693 |
| २ | वडा नं २ अजयमेरु | 735 | 797 | 1532 | 449 | 475 | 924 | 1016 | 1090 | 2106 |
| ३ | वडा नं ३ भद्रपुर | 179 | 175 | 354 | 625 | 655 | 1280 | 561 | 572 | 1133 |
| ४ | वडा नं ४ चिपुर | 293 | 279 | 572 | 290 | 306 | 596 | 953 | 1014 | 1967 |
| ५ | वडा नं ५ देवल | 359 | 364 | 723 | 239 | 232 | 471 | 1125 | 1173 | 2298 |
| ६ | वडा नं ६ राजुल | 198 | 208 | 406 | 453 | 510 | 963 | 764 | 840 | 1604 |
| | **जम्मा** | 2082 | 2096 | 4178 | 2336 | 2507 | 4843 | 5243 | 5558 | 15161 |

## २.७ खानेपानी तथा सुरक्षित शौचालय उपलब्धताको अवस्थाः

यस गाउँपालिकामा हालसम्म २५६९ (८३%) घरधुरीले सामान्य खानेपानीको सुविधा प्राप्त गरी सकेका छन । हाल संचालित र संचालनको प्रक्रियामा परेका योजनाहरु सम्पन्न हुँदा थप ६३६ (१७.८४%) जनसंख्याले सामान्य खानेपानी सुविधा प्राप्त गर्ने सक्ने देखिन्छ। वडा अनुसार खानेपानी सुविधाको अवस्था तालिका नं. २२ अनुसार छ ।

**खानेपानी तथा सुरक्षित शौचालय उपलब्धताको अवस्थाः**

| सि.नं. | वडा नं. | घरधुरी | खानेपानी सुविधाको अवस्था अनुसारका घरधुरी | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | सामान्य खानेपानी सुविधावाट लाभान्वित | | निर्माणाधिन र अध्ययन सकिएकावाट लाभान्वित हुने | | सामान्य शौचालय भएका परिवार संखया |
| | | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | वडा नं. १ समैजी | ४३३ | ३१० | ७१.५९ | १२३ | २८.४१ | ४३३ |
| २ | वडा नं. २ अजयमेरु | ७०० | ६०२ | ८६.०० | ९८ | १४.०० | ७०० |
| ३ | वडा नं. ३ भद्रपुर | ४६४ | ३०४ | ६५.५२ | १६० | ३४.४८ | ४६४ |
| ४ | वडा नं. ४ चिपुर | ५६८ | ४३९ | ७७.२९ | १२९ | २२.७१ | ५६८ |
| ५ | वडा नं. ५ देवल | ५७० | ४९९ | ८७.८५ | ६९ | १२.१५ | ५६८ |
| ६ | वडा नं. ६ राजुल | ४७४ | ४१५ | ८७.९२ | ५७ | १२.०८ | ४७२ |
| जम्मा | | 3418 | 2569 | 80.16 | 636 | 19.84 | 3214 |

**श्रोतः जि.बि.स.प्रोफायल डडेलधुरा ०७३**

## २.८ फोहरमैला व्यवस्थापन

यस गाउँपालिका भित्र रहेका ६ वटै वडा सदरमुकाम अर्थात साना बजार स्थानहरुमा फोहरमैला व्यवस्थापन सम्बन्धी खासै रणनीतिक रुपमा कुनै पनि खालका कार्यक्रम संचालन भएको पाईदैन । बजार क्षेत्रका व्यापारीहरुले फोहरलाई आफैले सडेर जाने फोहरलाई मलको रुपमा प्रयोग गर्ने सडेर जाने फोहरहरुलाई जलाउने अर्थात खाडलमा हाल्ने परिपाटी बनाई फोहरमैला व्यवस्थापन गर्दैआएकाछन सोका लागि कुनै कुनै स्थानमा फोहर फाल्ने निश्चित स्थान नै तोकिएको छ भने कुनै ठाउँमा खाडल समेत बनाईएका छन ।

## २.९ खुल्ला दिशा मुक्त क्षेत्र घोषणा

२०६७ जेष्ठ २३ गते साविक समैजी गा.वि.स अर्थात हालको अजयमेरु गाउँपालिका वडा नं १ लाई पहिलो खुल्ला दिसामुक्त गा.वि.स अर्थात डडेल्धुरा जिल्लाकै दोस्रो गा.वि.स को रुपमा घोषणा भएको हो । विभिन्न साविकका गा.वि.स तथा वडाहरुलाई निम्नानुसार खुल्ला दिसामुक्त क्षेत्र घोषणा गरिएको हो।

**तालिका नं ३६: खानेपानी तथा शौचालयको उपलब्धताको अवस्था:**

| वडा नं. | घरधुरी | खानेपानीको पहुँच % | सार्वजनिक शौचालयको संख्या | घोषणा भएको मिति | पक्की शौचालय |
|---|---|---|---|---|---|
| अजयमेरु गा.पा वडा नं १ समैजी | ४६३ | ९२.४४ | ० | २०६७/०२/२३ | ४६३ |
| अजयमेरु गा.पा वडा नं २ चमडा | ७०० | ९८.५७ | ० | २०७०/०३/३१ | ७०० |
| अजयमेरु गा.पा वडा नं ३ भद्रपुर | ४६४ | ७६.३० | ० | २०७०/०३/२९ | ४६४ |
| अजयमेरु गा.पा वडा नं ४ चिपुर | ५८६ | ९३.८३ | ० | २०७०/०२/२५ | ५८६ |
| अजयमेरु गा.पा वडा नं ५ देवल | ५७० | १००.०० | ० | २०६९/०५/२८ | ५७० |
| अजयमेरु गा.पा वडा नं ६ राजुल | ४७४ | १००.०० | ० | २०६९/०५/२८ | ४७४ |
| **जम्मा** | **३२०५** | **१००** | ० | | **३२०५** |

स्रोत:खानेपानी सरसफाई डिभिजन कार्यालय,

खानेपानी सरसफाई डिभिजन कार्यालयबाट प्राप्त तथ्याङ्क हेर्दा मिल्दोजुल्दो देखिदैन।

## २.१० खेतियोग्य सिंचित जमिनको विवरण

| | ***वार्ड नं.*** | खेत क्षेत्रफल (रोपनीमा) | | |
|---|---|---|---|---|
| | | जम्मा | संचित | असंचित |
| ***अजयमेरु गाउँपालिका*** | *1* | *1077.1* | *34* | *113* |
| | *2* | *977.7* | *68* | *0* |
| | *3* | *284* | *22* | *2* |
| | *4* | *385.5* | *1* | *0* |
| | *5* | *916.5* | *234* | *1* |

| | | | | |
|---|---|---|---|---|
| | 6 | 454.22 | 76 | 78 |
| | **जम्मा** | **4095.02** | **435** | **194** |

## २.११ वन विकासको लागि बृक्षारोपण गर्नुपर्ने क्षेत्रहरू

| क्र.सं. | वडा नं. | स्थान | वनको जम्मा क्षेत्रफल(हे.) | वृक्षारोपण गर्नुपर्ने क्षेत्रफल(हे.) | सम्भावित प्रजातीहरू |
|---|---|---|---|---|---|
| १ | वडा नं.१ समैजी | खाली क्षेत्र | २०७१ | ८०० | सिसौ, आँप, मसला, सल्ला आदि |
| २ | वडा नं. २ चमडा | खाली क्षेत्र | १८१९ | ३०० | सल्ला, बाँझ आदि |
| ३ | वडा नं. ३ भद्रपुर | खाली क्षेत्र | ६२८ | ८०० | सल्ला, बाँझ आदि |
| ४ | वडा नं. ४ | खाली क्षेत्र | ६९१ | ८०० | सल्ला, चिउरी, भिमल, लप्षी आदि |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | वडा नं. ५ देवल | खाली क्षेत्र | ८२० | ८००० | सल्ला, चिउरी, भिमल, लप्षी आदि |
| ६ | वडा नं.६ | | | | |

३.९. जलस्रोतहरुको दिगो उपयोगका लागि संस्थागत/उपयोग सम्बन्धी संयन्त्र

अजयमेरु गाउँपालिका भित्र खोला, नदीमा उत्तरतिरबाट बगेर आउने पानी, स्थायी मुहान र बर्षातको समयमा अस्थायी मुहानको रुपमा बाहिर निस्किने पानी नै अधिकांश पानीका स्रोतहरु हुन। स्रोतहरुको पानी कुनै न कुनै रुपमा जमिन भित्र छिर्ने र त्यहि पानी मुलको रुपमा निस्केर बाहिरने हुँदा मुहान, खोलानाला, नदी लगायत पानीको पनि संरक्षण र व्यवस्थापन गर्नुपर्ने देखिन्छ। हाल गाउँपालिकामा जलश्रोतहरुको दिगो उपयोगका लागि विशेष कुनै ऐन, नीति तथा कार्ययोजना निर्माण गरेको नरहेता पनि त्यसको लागि संस्थागत संयन्त्रको रुपमा गाउँपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको गठन गरिएको छ। उपभोक्ता समितिहरुको संस्थागत विकासका लागि उपभोक्ता समिति गठन कार्यविधि, २०७६ तयार गरी कार्यान्वयनको क्रममा रहेको छ। योजना तर्जुमा गोष्ठीमा भएको छलफल अनुसार जलस्रोतहरुको दिगो उपयोगका लागि खानेपानी उपभोक्ता तथा सरसफाइ समिति लगायत सम्पूर्ण उपभोक्ताहरुको अहम भूमिका रहने हुँदा उपभोक्ता समितिहरुलाई क्षमता विकास गर्न आवश्यक नीति निर्माण गरि त्यसको कार्यान्वयन गर्नुपर्ने देखिन्छ । त्यसैगरि उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि लगायत वातावरण तथा पर्यावरणको संरक्षण र व्यवस्थापनका लागि संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधिको निर्माण गरी

जलस्रोतको एकीकृत व्यवस्थापनका लागि पहल गर्नुपर्ने देखिन्छ ।

त्यसै गरि खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापनका लागि गाउँपालिका तथा वडास्तरका संयन्त्रहरु जस्तैः खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिहरुलाई सक्रिय बनाउने, वातावरण तथा पर्यावरण संरक्षणका लागि स्थानीय समुदायलाई नै सक्रिय बनाउने र उनीहरुको परम्परागत ज्ञान, सीप र दक्षता प्रयोग गरी पर्यावरणको संरक्षणका साथै समुदायको जल, जंगल र जमिनसँग सम्बन्धित क्रियाकलापहरुको माध्यमबाट जीविकोपार्जनमा सुधार ल्याउने कार्यहरु अति आवश्यक देखिन्छन् ।त्यसै गरि खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापनका लागि गाउँपालिका तथा वडास्तरका सयन्त्रहरु जस्तैः खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिहरुलाई सक्रिय बनाउने, वातावरण तथा पर्यावरण संरक्षणका लागि स्थानीय समुदायलाई नै सक्रिय बनाउने र उनीहरुको परम्परागत ज्ञान, सीप र दक्षता प्रयोग गरी पर्यावरणको संरक्षणका साथै समुदायको जल, जंगल र जमिनसँग सम्बन्धित क्रियाकलापहरुको माध्यमबाट जीविकोपार्जनमा सुधार ल्याउने कार्यहरु अति आवश्यक देखिन्छन् ॥यसका साथै जलाधार क्षेत्रहरुको संरक्षण र वन तथा वातावरणको अति दोहन रोक्न सामुदायिक वबन उपभोक्ता समूहहरुको क्षमता विकासमा सहयोग पुरयाउदै आइरहेको छ। गाउँपालिकाको क्षेत्र भित्रको वातावरण तथा पर्यावरणको संरक्षणका लागि भौतिक पूर्वाधारका कुनै पनि ठुला योजनाहरु निर्माण गर्नु भन्दा पहिले प्रारम्भिक वातावरणीय सर्वेक्षण र परीक्षण गर्नुपर्ने व्यवस्था लागू गर्नु पर्ने आवश्यकता रहेको छ।

### ३. १०. जलस्रोतमा विवाद

जलस्रोतको उपभोग र स्वामित्वका सन्दर्भमा समुदायमा सामाजिक, राजनीतिक र आर्थिक लगायत विभिन्न सरोकार र चाहनाले पानी प्रयोग र बाँडफाँड सम्बन्धी विवादहरु हुने गरेका पाईन्छन्। गाउँपालिकाको जलउपयोग गुरुयोजनाको तथ्याङ्क संकलन गर्दा भएका छलफल, अवलोकन, बस्ती तथा वडा/गाउँपालिका स्तरमा भएको अन्तरक्रियाको आधारमा प्रायः धेरै जसो पानीसँग सम्बन्धित कार्यहरुका लागि मुहान, कुवा, नाउला, र नदी/खोलाको पानीको प्रयोग भैरहेको हुदा घरायसी, सामुदायिक वा अन्तरपालिका स्तरमा विवादहरु रहेको पाईन्छ। जलउपयोग गुरुयोजना तयारिका समय गरिएका समुदाय केन्द्रित छलफलहरुमा प्राप्त जानकारी अनुसार

उपभोक्ता समिति मार्फत संचालित खानेपानीबाट वितरण हुने खानेपानीको गुणस्तर, परिमाण सम्बन्धीसामान्य विवादहरु आउने गरेका छन्। तुलनात्मक रुपमा छरिएको बस्ती रहेको हुँदा पानीको बाँडफांड गर्दा र धाराहरु राख्दा दुरीको कारणले गर्दा कुनै समुदायमा घरायसी स्तरमा विवादहरु आउने गरेको पाईन्छ। यसका अतिरिक्त सामुदायिक वनहरुको प्रयोग, संरक्षित क्षेत्र (मन्दिर, सार्वजनिक जग्गा आदि) वरिपरिको जग्गा जमिनमा हुने अतिक्रमणको कारणले पनि व्यक्ति-व्यक्ति, समुदाय समुदाय वा अन्तर वडा र अन्तरपालिका तहमा विवादहरु हुने गरेको र सोको स्थानीय स्तरमै समाधान भई रहेको सरोकारवालाहरुले जानकारी दिएका छन्। जलउपयोग गुरुयोजना सर्वेक्षणका क्रममा गरिएका समुदाय भेटघाट र अन्तक्रियाबाट प्राप्त जानकारी अनुसार केहि समुदायमा फरक जातजातिहरुको बसोबास रहेको अवस्थामा खानेपानीको स्रोत र धारा प्रयोगको बेला विभिन्न जातजाति बीच सामान्य मतभेत भए पनि स्थानीय स्तरमा समाधान भएको पाइन्छ । यस गाउँपालिकामा सबैले सुविधा पाउने, विकास मा टेवा पुग्ने लगायत का सार्वजनिक कामहरुमा ठुलो विवाद नरहेको देखिन्छ ।अध्याय-४ : गुरुयोजना कार्यन्वयन रणनीति र परिकल्पना

४.१. गाउँपालिकाको रणनीतिक प्राथमिकता

अजयमेरु गाउँपालिकाको जलउपयोग गुरुयोजनाको समीक्षा तथा समायोजन कार्य स्थानीय जनप्रतिनिधिहरु लगायत विद्यमान सरोकारवालाहरुको व्यापक सहभागिता, सकृयता तथा चरणवद्ध कार्यतालिका अनुसार गाउँपालिकाका बस्तीहरुको वास्तविक अवस्था, विद्यमान स्रोत साधनहरुको सम्भावना तथा वर्तमानको वास्तविक आवश्यकतामा आधारित भई निर्माण गरिएको छ । गाउँपालिकाले हाललाई पञ्चवर्षीय (आ.व. २०८०/८१ देखी २०८५/८६) सम्मका लागि क्षेत्रगत रुपमा आवधिक परिकल्पनाहरु निर्माण गरी गुरुयोजनाले

निर्धारण गरेका योजना तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्ने लक्ष्य कायम गरिएको छ । यस गाउँपालिकाले तपसिल बमोजिमका क्षेत्रगत परिकल्पनाहरु तथा योजना प्राथमिकीकरणका आधारहरु योजना तर्जुमा गोष्ठी मार्फत तय गरेको छ। यस गाउँपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापनका लागि दिगो

विकास लक्ष्य (सन् २०३०) अनुसार नेपाल सरकारको लक्ष्य पुरा गर्न निम्न अनुसारका परिकल्पनाहरु र रणनीतिहरु अवलम्बन गर्नेछ ।

क्षेत्रगत परिकल्पनाः

खानेपानी तथा सरसफाइः

परिकल्पनाः खानेपानी सुविधाबाट बन्चित सबै घरधुरी हरु लाई खानेपानी, सरसफाइ तथा स्वस्छता सुविधा उपलब्ध गराउने

सिंचाई तथा निकासः

परिकल्पनाः

परम्परागत सिंचाइ को निर्माण तथा मर्मत साथै आ-धुनिक सिंचाइ को विकास गरि उत्पादन बढाउने र पानीको अधिकतम प्रयोगबाट आय आर्जन बढाइ जीवनयापन पद्दतिमा सुधार ल्याउने

वातावरण तथा पर्यावरणः

परिकल्पना

यस पालिकामा रहेका मूल सरक्षण, जोखिम न्यूनीकरण र वातावरण संरक्षण गरि वातावरण तत्या पर्यावरणको विकास गर्ने ।

जलउर्जा तथा अन्यः

परिकल्पना

स्थानीय नदी र खोलाहरुबाट बिधुत निकाली ग्रामिण बिधुतीकरणलाई विकास गर्ने साथै परम्परागत जल उर्जाका योजनाहरुलाई आधुनिकीकरण गरि समुदायको जीवनयापन पद्दतिमा सुधार ल्याउने४.२. जलाधार क्षेत्र व्यस्थापनका लागि एकीकृत जलस्रोत व्यवस्थापन

अजयमेरु गाउँपालिकामा मुख्यजलाधार क्षेत्रको रुपमा रहेको तिला नदी र उप-जलाधारको रुपमा रहेका अन्य खोला, नदीनाला र तालतलैयाको पानी तिला नदी हुदै कर्णाली नदीमा मिसिन्छ। अजयमेरु गाउँपालिकामा प्राय

सवै जसो नदीघाटी तथा जलाधार क्षेत्रहरुको नजिकै वरिपरी मानिसको बस्ती रहेको पाईन्छ। गाउँपालिकामा समुदायका मानिसहरुले जीविकोर्पाजनको लागि आवश्यक पर्ने आधारभूत आवश्यकताहरु जस्तैः सिंचाइ, घट्ट आदिका लागि जलाधार तथा उप-जलाधार क्षेत्रहरुमा निर्भर हुदै आएका छन्। जलाधार तथा उप-जलाधार क्षेत्रमा रहेका समुदायहरुको जीविकोपार्जन र त्यस्तो क्षेत्रमा उपलव्ध हुदै आएको प्राकृतिक स्रोतहरुको बिचमा गहिरो सम्बन्ध रहेको हुन्छ।

अजयमेरु गाउँपालिकाले जलाधार क्षेत्रमा एकीकृत जलस्रोत व्यवस्थापनका सिद्धान्तमा आधारित जलउपयोग गुरुयोजना लागु गरी समग्र पर्यावरणको दिगोपनमा संझौता नगरिकन समन्यायिक तवरले आर्थिक-सामाजिक लगायत जल, जमिन तथा सवद्ध स्रोत साधनहरूको समन्वयात्मक विकास तथा व्यवस्थापन गर्ने नीति लिएको छ।

खानेपानी तथा सरसफाइमा पहुँचलाई संयुक्त राष्ट्रसंघले आधारभूत मानव अधिकारको रूपमा घोषणा गरेको र नेपालको संविधानले समेत आधारभूत मानव अधिकारको रूपमा आत्मसात गरेकोले यस गाउँपालिकाले खानेपानी तथा सरसफाइलाई आधारभूत अधिकारको रूपमा सेवा विकास गर्ने नीति लिएको छ।

एकीकृत जलस्रोत व्यस्थापन लागु गर्नको लागि गाउँपालिकाले जलउपयोग गुरुयोजनालाई एक औजारको रुपमा अवलम्वन गरेको छ। एकीकृत जलस्रोत व्यवस्थापनका डब्लिन सिद्धान्तहरु तथा जलस्रोतको उपयोग एवं जलस्रोतहरूको संरक्षणका लागि बनेका जलस्रोत सम्बन्धी नेपाल सरकारका ऐन, कानून, नीति एवं योजनाहरूको परिपालना गर्दै अजयमेरु गाउँपालिकाको जलउपयोग गुरुयोजनाले यसका लक्ष्य तथा उद्देश्यहरूहासिल गर्न तपसिल अनुसारका नीति नियमको तर्जुमा तर्फ ध्यान दिनु पर्ने आवश्यकता रहेको छ।

एकीकृत जलस्रोत व्यवस्थापन मार्फत योजना तर्जुमा

योजना तर्जुमा, नीति निर्माण र कार्यान्वयनमा सबैको सहभागिता

पानीको बहुउपयोगीता, विवेकपूर्ण उपयोग तथा उत्पादनशिल प्रयोग

जलवायु परिवर्तन अनुकूलन र जोखिम व्यवस्थापनका लागि नीति तर्जुमा, सरोकारवालाहरुको क्षमता विकास र

ठोस कार्यान्वयन

पानीको पुनर्भरण, पुनर्धारण र पुनर्प्रयोग लगायत समुदायका मौलिक सिपहरुको उपयोग मार्फत पानीका स्रोतहरुको संरक्षण

समग्रमा एकिकृत जलस्रोत व्यवस्थापनका माध्यमले समग्र जलाधार क्षेत्रको समुचित र विवेकपूर्ण विकास गर्न, जलाधार क्षेत्र भित्रको सम्पूर्ण प्राकृतिक स्रोतहरुलाई एकीकृत एवं दिगोरुपमा विकास गरी गरीबी न्यूनीकरण गर्न गाउँपालिकाको वार्षिक योजना तर्जुमामा सरोकारवाला साझेदारहरु, समुदाय र जनप्रतिनिधिहरुले ठोसयोजना निर्माण गरी कार्यान्यिन गर्नु पर्ने आवश्यकता रहेको र सो का लागि सबैको सहकार्य, साझेदारी र प्रतिवद्धता रहेको जलउपयोग गुरुयोजना निर्माणका क्रममा आयोजना गरिएका योजना तर्जुमा गोष्ठीहरुमा सरोकारवालाहरुको धारणा रहेको छ। एकिकृत जलस्रोत व्यवस्थापनका लागि विभिन्न क्रियाकलापहरु योजना तर्जुमा गोष्ठी मार्फत सहभागीहरुले गाउँकार्यपालिकामा सिफारिस गरी गुरुयोजनामा प्राथमिकीकरण सहित समावेश गरेका छन्।

## ४.३. एक जल नीति तथा अवधारणा

जलाधार क्षेत्र व्यवस्थापन अन्तरगत स्रोतहरुको संरक्षण र व्यवस्थापन, जलाधार र समुदायमा पानीको विद्यमान अवस्था विचार गर्दै दिगो उपयोग नीति र पानीको उत्पादनसिल उपयोगमा एक जल अवधारणाले जोड दिन्छ। एक जल अवधारणाको अवलम्बनले समग्र प्रणालीगत दृष्टीकोणले उपयोग गरी पानीको आपुर्ति र सरसफाइको गुणस्तरिय सेवा, परिणाम र समतामुलक जलस्रोत व्यवस्थापन गरी पानीको दिगोपना हासिल गर्न मद्दत गर्दछ । एक जल प्रणाली अन्तर्गत निम्न कार्यहरु प्राथमिकताका साथ गरिन्छ ।

सुरक्षित रुपमा खानेपानीको व्यवस्थापन, बहु उपयोगी जल प्रणाली र खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरु मार्फत प्रभावकारि रुपमा योजना तर्जुमा, कार्यान्वयन र व्यवस्थापन,

दिसाजन्य लेदोको सुरक्षित ढंगले व्यवस्थित तथा दिगो व्यवस्थापन सेवा, त्यसको उपचारका लागि आवश्यक प्लान्ट र त्यसको पुनउपयोगबाट आर्थिकोपार्जनको अवसरहरु प्रदान गर्ने,

स्थानीय सरकार र समुदायका साझेदार सरोकारवालाहरुको क्षमता विकास र जलस्रोतको न्यायोचित व्यवस्थापन

गर्ने, पानीको दिगो सेवाका लागि राम्रोसँग संरक्षित र व्यवस्थित पानी प्रभावित क्षेत्रहरुमा पारिस्थितिकीय जल प्रभाव सुनिश्चित गर्ने।

अजयमेरु गाउँपालिकाले गाउँपालिका स्तरको योजना तर्जुमा गोष्ठी मार्फत एक जल अवधारणाको सिद्धान्तलाई अवलम्वन गर्ने गरी एकीकृत जलस्रोत व्यवस्थापन कार्यान्वयन गर्ने नीति लिने प्रतिवद्धता गरेको छ । यस गाउँपालिकाले एक जल अवधारणामा तपशिलका कार्यगत सिद्धान्तहरुको कार्यान्वयन गरी एकीकृत एवम् समावेशी जलस्रोत व्यवस्थापन तथा पानीको दिगो बहुउपयोगको विकास गर्ने नीतिमा सरोकारवालाहरुले छलफल गरेका थिए ।।

"सबै पानीको मूल्य हुन्छ" भन्ने सिद्धान्तलाई यस गाउँपालिकाले अवलम्वन गर्नेछ ।

जलस्रोतको उत्पादनशील तथा बहुउपयोग गरी आर्थिक सम्पन्नता हासिल गर्ने सिद्धान्तलाई यस गाउँपालिकाले अवलम्वन गर्नेछ ।

जलस्रोत संरक्षण तथा पानीको बहुउपयोग गर्नका लागि कार्यविधि बनाई व्यवस्थित प्रणाली कार्यान्वयन गर्नेछ ।र निजि क्षेत्रसँग साझेदारि तथा सहकार्य गर्नेछ ।

जलस्रोतको संरक्षण, उपयोग, र व्यवस्थापनमा सबैको सहभागिता हुनेछ र व्यवस्थापन संरचनाहरु समावेशी हुनेछ ।

जलस्रोतको उपयोग तथा व्यवस्थापन क्षेत्रमा कार्यरत सरोकारवालाहरुको साझा समस्या तथा चुनौतीहरुलाई यस गाउँपालिकाले एक जल अवधारणा तथा यसको कार्यान्वयन मार्फत दिगो समाधान गर्नेछ ।

एक जल अवधारणाको कार्यान्वयन मार्फत यस गाउँपालिकाका प्रत्येक व्यक्ति, समुदाय, प्रत्येक सरोकारवाला तथा प्रत्येक समूहको जलाधार वा उपजलाधार क्षेत्रमा दिगो पानीको भविष्य सुरक्षित गर्नमा भूमिका हुनेछ ।

४.४. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण अवधारणा र एकीकृत जलस्रोत व्यवस्थापन

समुदायको अवस्था विश्लेषण गर्दा पानी सँग सम्बन्धित क्रियाकलापहरुमा घरायसीस्तरमा महिलाहरु तथा जीविकोपार्जन वा उत्पादनशिल प्रयोगको हिसाबले समुदायका केहि निश्चित वर्ग, समुदायको पानी सँग बढी

सरोकार हुने हुँदा जल उपयोग गुरुयोजनाको तयारी चरण देखि कार्यन्वयन तहसम्म महिला र त्यस्ता वर्गहरुको सहभागिता र नेतृत्व सुनिश्चित गरिन्छ । गुरुयोजनाले पानी र जलस्रोतको विनियोजन, सुशासन र वित्तका पक्षहरूमा पहुँचमा सबैभन्दा ठूलो असमानताहरू अनुभव गर्ने जनसंख्याको विशेष आवश्यकताहरूलाई सम्बोधन गर्दै उमेर, लिंग, धर्म, जाति, अपाङ्गता, भूगोलका आधारमा आउने अवरोधहरू र त्यसबाट आधारभूत सेवाहरूको पहुँचमा पर्ने असरलाई कम गर्ने र प्राथमिकता दिन सहयोग पुरयाउदछ । यस जलउपयोगगुरुयोजनाको कार्यान्वयन प्रकृयामा पारदर्शिता, सहभागिता र जवाफदेहिताको अभ्यास मार्फत सुशासनको प्रवर्द्धन र लैङ्गिक समानता तथा सामाजिक समाबेशिकरण को सुनिश्चितता गराउन तपसिलका नीति लिईने छ।

- प्रत्येक वर्ष यस गाउँपालिका लगायत अन्य कार्यरत संघ संस्थाहरुको जलस्रोत, सरसफाइ र स्वच्छता को क्षेत्रमा उपलब्ध बजेट समीक्षा गरी सो बारे सबै उपभोक्तालाई अग्रिम जानकारी गराइनेछ।

- उपलब्ध बजेट तथा जलस्रोत, सरसफाइ र स्वच्छतासित सम्बन्धित अन्य सुचना तथा जानकारीमा सबै उपभोक्ताहरुको पहुँचका लागि आम संचार माध्यमको प्रयोग गरिनेछ।

- यो जलउपयोग गुरुयोजना यस गाउँपालिका भित्र जलस्रोत, सरसफाइ र स्वच्छताका क्षेत्रमा गरिने सम्पुर्ण लगानीहरुको प्रमुख आधारको रुपमा रहनेछ । उपलब्ध बजेट तथा स्रोत साधनले सम्भव भए सम्म परियोजनाहरु कार्यान्वयन गर्दा जलउपयोग गुरुयोजनामा उल्लेखित प्राथमिकता अनुरुपनै गरिनेछ ।

- जलउपयोग गुरुयोजना तर्जुमाको चरणमा झै यसको कार्यान्वयनमा समेत महिलाहरुको समान सहभागिता तथा दलित, जनजाति तथा पछाडी पारिएको वर्गको समानुपातिक प्रतिनिधित्व हुने गरी सम्बन्धित उपभोक्ताहरुको सकृय सहभागिता रहनेछ। परियोजनाहरुको निर्माण, सञ्चालन तथा मर्मत सम्भार सम्बन्धित उपभोक्तहरुले गठन गरेको उपभोक्ता समितिको प्रत्यक्ष संलग्नतामा हुनेछ।जातिहरुको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरिनेछ । समितिका प्रमुख पदहरुमा समेत महिलाहरुको कम्तिमा ५०%, सामाजिक विभेदमा परेका जात जातिहरुको समानुपातिक प्रतिनिधित्व अनिवार्य गर्राईनेछ।

- गुरुयोजना कार्यान्वयनमा उपभोक्ता समिति गठन तथा पुनर्गठन गर्दा लैङ्गिक समानता तथा सामाजिक

समाबेशिकरण लाई ध्यान दिदै महिलाहरुको समान सहभागिता तथा दलित, जनजाति तथा पछाडी पारिएको वर्गको समानुपातिक प्रतिनिधित्व हुने गरी पदाधिकारी तथा सदस्यहरु समावेश गरिनेछ ।

- यो जलउपयोग गुरुयोजना कार्यान्वयनको क्रममा महिला र सामाजिक विभेदमा परेका जात जातिहरुको क्षमता अभिबृद्धीका लागि विशेष पहल गरिनेछ । उनीहरुलाई नै लक्षित गरेर बिभिन्न क्षमता विकास क्रियाकलापहरु सञ्चालन गरिनेछन । क्षमता विकासका कृयाकलापहरुको लागि सहभागी छनौट गर्दा समेत लैङ्गिक समानाता तथा सामाजिक समावेशीकरण लाई ध्यान दिनुपर्नेछ ।

- स्रोत र साधनले भ्याए सम्म यस अन्तरगत निर्माण गरिने सबै भौतिक संरचनाहरुलाई महिला, बालबालिका, अपाङ्ग र बृद्ध मैत्री बनाइनेछन। मुख्यतया खानेपानी र सरसफाइ परियोजनाका सबै संरचनाहरु महिलाहरुको महिनावारीको बेलाको स्वच्छता व्यवस्थापन, छुट्टै शौचालयको व्यवस्था र उनीहरुको -अति-गरीब र गरीव वर्गको उच्च जनसंख्या भएका क्षेत्रहरु प्राथमिकता र तदअनुसार बजेट विनियोजन ।

- यस गुरुयोजना अर्न्तगत निर्माण गरिने सबै योजनाहरुमा सुशासन नीति अगाल्दै अनिवार्य रुपमा सार्वजनिक सुनवाई, सार्वजनिक समीक्षा र सार्वजनिक परीक्षण गरिनेछन। यी कार्यहरुमा आम उपभोक्ता र सेवा प्रदायक बिचको अन्तरकृया र संवादलाई बिशेष जोड दिइनेछ। परियोजनाहरुका भौतिक संरचनाहरु र तिनले प्रदान गर्ने सेवाको गुणस्तर र दिगोपनाको लागि उक्त योजना कार्यान्वयन गर्ने संस्था पुर्णरुपमा जवाफदेहि हुनेछ ।

४.५. पानीको उत्पादनशिल प्रयोग

पानीलाई खानेपानी प्रयोजनका लागि मात्रै प्रयोग गर्ने तर संस्थागत र दिगो विकासका लागि ध्यान नदिदा समुदायमा योजनाहरु डिजाइन अवधिसम्म संचालनमा राखिराख्न समस्या रहेको स्थिति विद्यमान छ। योजनाहरुमा पानी उपयोग बाफतको शुल्क उठाउने र उठेको रकमबाट योजनामा हुन आउने विभिन्न स-साना मर्मत कार्यहरुमा उपयोग गर्न सकिए योजनाहरुको संचालनलाई सहज र दिगो बनाउन सकिन्छ। गाउँपालिकामा गरिएका प्राविधिक र सामाजिक सर्वेक्षणमा गरिएका छलफलमा पानी शुल्क उठाउने र योजनाहरुको उपभोक्ता स्तरबाटै स्वस्फुर्त समयानुकुल मर्मत सम्भार गर्ने गरेको निकै नै कम अभ्यास छन् । पानीको उपभोगमा

पुस्तान्तरण गर्न र दिगो योजनाका लागि संस्थापन व्यवस्थापन, मर्मत सम्भार कोष, पानीघरायसी कार्य बोझ न्यूनीकरण हुनेगरी निर्माण गरिनेछन । खानेपानी सरसफाइ र स्वच्छताको कभरेज कम भएका क्षेत्रलाई प्राथमिकता दिने र बजेट वृद्धि गर्ने तदनुसार विनियोजन बजेटले अति-गरीब र पछाडि पारिएका वर्गहरुको उच्च जनसंख्या भएको क्षेत्रलाई प्राथमिकतामा राखिनेछ। खानेपानीको धारा, शौचालय निर्माण, ढल जडान गर्दा आवश्यक पर्ने लागतमा गरिब तथा सीमान्तकृत परिवारलाई सहुलियत दिइनेछ । कठिन परिस्थिति र विशेष अवस्थाका कारण पानीको महसुल तिर्न नसक्ने गरिब तथा सीमान्तकृत

४.६. जलस्रोतको उपयोगका लागि विकल्प तथा प्रविधिहरु

जलवायु परिबर्तन लगायत प्रकृतिमा हुदै गईरहेको असन्तुलनले गर्दा पानीका स्रोतहरुमा पानीको बहाव कम हुदै गईरहेको तथा बर्षातको समयमा अतिवृष्टि हुदा पहिरो जाने, बस्तीहरु बाढी डुबानमा पर्ने समस्याहरु दिनानुदिन बढ्दै गरिरहेका छन् । त्यसकारण जलस्रोतको समुचित उपयोगका लागि विभिन्न बिकल्प तथा प्रविधिहरु आवश्यक पर्ने हुदा यस अजयमेरु गाउँपालिकाका लागि आवश्यक विकल्पहरु निम्न अनुसार रहेका छन् ।

अजयमेरु गाउँपालिकामा खानेपानीको मुख्य स्रोत मूल, खोला, नाउला, नदी नाला जस्ता जलस्रोत रहेको र पानीमा विभिन्न रासायनिक तथा जैविक प्रदुषण हुने भएकोले सबै खानेपानी योजनाहरुमा पानी सुरक्षा योजना निर्माण गरी लागु गर्न आवश्यक देखिन्छ ।

बर्षातको समयमा गाउँपालिका बस्तीहरुमा पहिरो वा भू-क्षय, भल बग्ने हदा त्यस्तो बेलाका लागि चर्पीकोसमुदायलाई पानीको महसुलमा अनुदान वा छुट दिइनेछ । खानेपानी सम्बन्धी सचेतना अभियान र सरसफाइ अनिवार्य हुनुपर्छ । सचेतनामा लैससास को बिषय समाबेश हुनुपर्दछ सबै प्रशिक्षणमा अनिवार्यस महिला, सीमान्तकृत र पछाडि पारिएका वर्गलाई GESI सम्बन्धी तालिम दिइनेछ । ग्रामीण मर्मत सम्भार कार्यकर्ता र शौचालय निर्माणकर्ता छनोटको मापदण्ड महिला, गरीब र बहिष्कृत वर्ग मैत्री हुनेछ। महिला, गरिब र बहिष्कृतका मुद्दाहरूलाई सम्बोधन गर्न खानेपानी उपभोक्ता तथा सरसफाइ समितिका लागि सम्झौतामा शर्तहरू हुनेछन । महिला, गरिब र बहिष्कृतको आवश्यकतालाई सम्बोधन गर्ने क्रियाकलापका लागि पर्याप्त

बजेट विनियोजन गर्ने, समूहको क्षमता अभिवृद्धि गर्ने कार्य गरिनेछ साथै सामग्री खरिद गर्दा महिला सहकारी तथा अन्य महिला, गरिब र बहिष्कृत समूहलाई सामग्रीको स्थानीय आपूर्तिकर्ताको रूपमा प्रवर्धन गरि अनुगमन समूहमा महिला, बालबालिका, गरिब तथा बहिष्करणमा परेकाको सहभागिता सुनिश्चित गर्दै सार्वजनिक लेखापरीक्षण गर्दा जीईएसआई मुद्दाहरू र सार्वजनिक अडिट दिशानिर्देशहरू अनुसार सम्बोधन गरिनेछ ।

४.८. स्रोत संरक्षण

एकातिर खानेपानीका स्रोतहरु जलवायु परिवर्तन तथा मानवद्वारा निर्माण भईरहेका विभिन्न पूर्वाधारजन्य गतिविधिहरुले गर्दा पानीका स्रोतहरु सुक्दै र हराउदै गईरहेका छन् भने अर्कोतर्फ बढ्दो जनसंख्या, शहर केन्द्रित जनघनत्व, नयाँ प्रविधि र जीवनशैली, उद्योग धन्दा आदि कारणहरुले समुदायमा पानीको माग बढ्दै गईरहेको छ। समुदायको बढ्दो पानीको माग, प्रयावरणको संरक्षण र सुक्दै तथा हराउदै गईरहेका स्रोतहरु बिचको सन्तुलन मिलाउन हाल प्रयोग भइरहेका पानीका स्रोतहरुका साथै प्रयोग नभएका स्रोतहरुको पनि उचित संरक्षण र व्यवस्थापन हुन अति आवश्यक छ। यसका लागि स्रोतहरुको वरिपरि खुला चरिचरन नगर्ने/नगराउने, पानीका स्रोतहरुको वरिपरी घेरबार गर्ने तथाफोहोर हुनबाट बचाउने जस्ता क्रियाकलापहरु पर्दछन्। त्यसैगरि पानीका सुक्दै गइरहेका स्रोतहरुको संरक्षणका लागि बर्षातको पानीलाई जमिन भित्र पठाउने खाडल (Recharge Pits) स्रोतहरुको माथि पुनर्भरण पोखरीका साथै समथर भूभागमा त्यहाँ रहेका प्राकृतिक तालतलैयाको संरक्षणका साथै पानीको स्रोतहरु वरिपरी पानी नसुकाउने जातका बोटबिरुवाहरुको वृक्षारोपण आदि गर्न सकिन्छ।

गाउँपालिका स्तरीय योजना तर्जुमा गोष्ठीमा भएको छलफलमा खुला चरिचरन, आगलागि, जंगल फडानी आदिलाई निरुत्साहित पार्ने, योजनावद्ध विकास निर्माण योजनाहरु थाल्ने साथै स्रोत संरक्षणमा समुदायको अगुवाई सुनिश्चित गरी जलाधारहरु बिच विवाद समाधान सहित क्षमता अभिबृद्धी र विवेकपूर्ण उपयोगको वातावरण निर्माण, सामुदायिक वनक्षेत्रहरुलाई विस्तार र संरक्षण/सम्बर्द्धनमा टेवा पुर्‍याउने, नदी कटान, भु-क्षयीकरण, ढुंगा गिट्टी बालुवा आदिको नियमन उत्खनन र प्रयोग, पूर्वाधार निर्माण गर्दा स्रोतलाई असर नपर्ने र वातावरणमैत्री संरचना निर्माण साथै पानीका स्रोत नजिक संरचना निर्माण गर्दा बायो ईन्जिनियरिङकाविकल्प सहित संरचना निर्माण गर्ने,

प्राकृतिक अवस्थालाई कायम, संरक्षण र प्रवर्धन गर्ने, गाउँपालिका स्तरमा संरक्षणका ठोस नीति नियम तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु पर्ने आवश्यकता देखिन्छ। यसै गरी निर्माण नियमन जस्ता विषयहरुमा बिज्ञहरुको सल्लाह परामर्स सहित नीति तर्जुमा, समुदायको क्षमता अभिबृद्धी गर्न सूचना/शिक्षा/संचार सामग्रीहरुको प्रकाशन र वितरण आदि सम्बन्धी आवश्यक कानूनबनाई गाउँपालिकाको वार्षिक योजना मार्फत कार्यक्रमहरु संचालन गर्ने बारेमा छलफल भई प्राकृतिक रुपमा विद्यमान रहेका ताल तलैयाहरुको संरक्षण, जल पर्यटन प्रवर्द्धनका साथै पानीको स्रोतहरु वरिपरी पानी नसुकाउने जातका बोटबिरुवाहरुको वृक्षारोपण, जलाधार क्षेत्र भित्र समुदायहरुमा स्रोत संरक्षण र विवेकपूर्ण उपयोगका लागि सहभागितात्मक योजना तर्जुमा गर्ने विषयमा समेत अजयमेरु गाउँपालिकाका सरोकारवाला प्रतिवद्ध रहेका छन् ।

५.१. अन्तर विश्लेषण

टोलस्तरीय भेला तथा बैठकहरुबाट संकलित तथ्याङ्कहरु, वडा स्तरीय बैठक, अनुशिक्षण तथा योजना तर्जुमा गोष्ठी र गाउँपालिकास्तरीय बैठक, छलफल तथा योजना तर्जुमा गोष्ठीको अवधिमा संकलन गरिएका तथ्याङ्कहरुको विश्लेषण गर्दा अजयमेरु गाउँपालिकामा हालसम्म ४२ वटा खानेपानी योजनाहरु विद्यमान योजनाको रुपमा रहेका छन् । जसबाट १८३७ घरधुरीहरु लाभान्वित भएको देखिन्छ । गाउँपालिकामा गुरुयोजना तथ्याङ्क संकलनका समय सम्म ११ वटा खानेपानी योजनाहरु निर्माणाधीन अवस्थामा रहेका छन् । निर्माणाधीन योजनाहरुबाट अधिकांश घरधुरीहरु लाभान्वित हुने देखिन्छ। यसरी समग्रमा विद्यमान योजनाहरु र निर्माणाधीन योजनाहरुबाट गाउँपालिकाको कुल घरधुरीको करिब ९३% घरधुरीहरुमा निर्माणाधीन योजनाहरु सम्पन्न हुँदा व्यवस्थित योजनाबाट खानेपानी सेवा आपूर्ति हुने देखिन्छ । गाउँपालिकाका विभिन्न बस्तीहरुमा दोहोरो बस्ती रहेको छ । खेतिपातिका लागि बेसी र पशुपालनका लागि लेकाली क्षेत्रमा बसोबास गर्ने चलन प्राय जसो सबै वडाहरुमा रहेको खानेपानीको उपलब्धता भएका घरधुरी संख्या दोहोरिएकोले बढी देखिन्छ। विद्यमान योजनाहरुको संख्या र खानेपानीको पहुँच बढी देखिएतापनि विद्यमान योजनाहरुको संचालन र व्यवस्थापनको अवस्था त्यति राम्रो नभएकोले आधारभूत सुबिधा समेत पुगेको छैन। हाल सम्म निर्माण सम्पन्न भएका र निर्माणाधीन योजनाहरु सबै

उपभोक्ता समितिबाट संचालन र व्यवस्थापन भईरहेका छन्। योजनाहरुको मर्मत सम्भार र व्यवस्थापन राम्रो ढंगबाट हुन नसकेकोले सबै खानेपानी योजनाहरुबाट आधारभत खानेपानी सेवा समेत आपर्ति हन सकेको छैन। सिंचाइ तथा निकास तर्फ जम्मा ४१ वटा विद्यमान कुलो सिंचाइका योजनाहरु रहेका छन् भने १७ वटा लघु सिचाई / पोखरी सिंचाइ योजनाहरु रहेका छ। ति विद्यमान सिंचाइका योजनाहरुबाट २५५ घरधुरीहरुको करिब २८० रोपनी जमिन सिचित भइरहेको छ। हालसम्मका विद्यमान सिंचाइ योजनाहरु प्रदेश सरकार, गाउँपालिका र विभिन्न संघ संस्थाहरुको सहयोगमा बनेका छन् । त्यसको समुदायस्तरमा पानी बांडफांड र सोको व्यवस्थापनका लागि स्थानीय समुदायकै सहभागितामा विभिन्न सिंचाइ जल उपभोक्ता समितिहरु गठन भएका छन् ।

अजयमेरु गाउँपालिकामा बर्षातको समयमा  कटान तथा खोलाहरुमा आउने बाढीबाट विगतका बर्षहरुमा ठूलो भूक्षती क्षति हुँदै आइरहेको छ । बर्षातको समयमा हुने क्षति र जोखिमहरुलाई मध्यनजर गर्दै गाउँपालिकाले विपद पुर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयन मा ल्याएको छ तथापी योजनाहरुको कार्यान्वयनका लागि ति प्रयासहरु मात्र प्रयाप्त भने छैनन् । गाउँपालिकामा विपद प्रतिकार्यका लागि गाउँपालिका, वडा र समुदायस्तरमा पनि विभिन्न समिति, उप-समितिहरु गठन भइ परिचालन समेत भईरहेका छन्। गाउँपालिका, वडा र समुदाय तथा उपभोक्ता समितिहरुसँग गुरुयोजना तयारिका क्रममा गरिएका छलफल र संकलन गरिएका तथ्याङ्कहरुको बिश्लेषणका आधारमा गाउँपालिकामा एकीकृत जलस्रोत व्यवस्थापन लगायत खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा देखिएका अन्तरहरु (Gaps) र तिनको परिपूर्तिका लागि  उपायहरुको अवलम्वन गर्न आवश्यक देखिन्छ।

| हाल देखिएका अन्तरहरु (Gaps) | समाधानका उपायहरु |
|---|---|
| - विद्यमान खानेपानी योजनाहरुले वितरण गर्दै आई रहेको खानेपानीहरुमा पानी सुरक्षा योजना निर्माण नभएको देखिएको । | - सबै विद्यमान खानेपानी योजनाहरु र निर्माणाधीन खानेपाली योजनाहरुमा सुरक्षित पानीका उपायहरु अवलम्बन गर्नुपर्ने र निर्माणको अन्त संगै पानी सुरक्षा योजना निर्माण गर्नुपर्ने । |
| - अधिकांश खानेपानी उपभोक्ता समितिहरुको व्यवस्थापकीय क्षमता कमजोर देखिएको<br>- सबै खानेपानी योजनाहरुमा आवश्यक प्राविधिक मानवस्रोतको कमि । | - पालिकामा हाल विद्यमान खानेपानी योजनाका उपभोक्ता समितिहरुको व्यवस्थापकीय ता विश्लेषण गर्दा करिब ३०% उपभोक्ता समितिहरु मात्रै व्यवस्थित ढंगबाट संचालन भएको देखिएको हुँदा गाउँपालिकाले खानेपानी तथा सरसफाई उपभोक्ता संस्था व्यवस्थापन धि तयार गरी सोहीअनुसार अनुसार परिचालन गर्नुपर्ने र उपभोक्ता समितिहरुको क्षमता विकासमा जोडदिनु पर्ने देखिएको छ । |
| - दिसाजन्य लेदो व्यवस्थापन र ठोस फोहोर व्वस्थापनको अभाव | - पालिकामा बढ्दो शहरीकरण र बसाइँसराइको चाप बढी भएकोले अहिले देखि नै दिसाजन्य लेदोको उचित व्यवस्थापनका लागि आवश्यक पहल गर्ने र बजेट विविनियोजन गर्ने । |

योजनाको सारांश

यस अजयमेरु गाउँपालिकामा विद्यमान जलस्रोतहरु, सामाजिक तथा सांस्कृतिक अवस्था, आर्थिक तथा प्राविधिक पक्षहरुको अध्ययन र छलफल तथा जन आवश्यकतामा आधारित भई जलउपयोग गुरुयोजनाको अभिन्न अंग आवधिक योजना तयार गरिएको छ। आवधिक योजना अर्न्तगत गाउँपालिकाका ६ वटै वडाहरुमा योजना तर्जुमा मार्फत जम्मा सबै क्षेत्रका क्षेत्रगत योजनाहरु पहिचान गरी प्राथमिकता क्रम सहित गुरुयोजनामा संलग्न गरिएका छन।

प्रस्तावित योजनाहरुलाई योजनाको प्रकृति, कार्यान्वयनका लागि आवश्यक पर्न सक्ने बाह्य सहयोग, प्रविधि विकल्प, लागत अनुमान आदिलाई आधार मानी बिविन्न क्षेत्रका क्षेत्रगत योजनाहरुको कार्यान्वयनका लागि गाउँपालिका र वडा स्तर गरि दुई भागमा बिभाजन गरी प्राथमिकता क्रम सूची तयार गरिएको छ । योजना

तर्जुमाको समयमा वडा र पालिकाबाट कार्यान्वयन गर्नका लागि पहिचान भएका जम्मा क्षेत्रगत योजनाहरु मध्ये १० वटा खानेपानी योजना, २८ वटा खानेपानी योजनाहरु मर्मत तर्फ, २६ वटा कुलो सिंचाइ योजना, १७वटा लघु सिंचाइ, ३० वटा सुधारिएको पानी घट्ट, २ वटा सार्वजनिक शौचालय र ४६ वटा वातावरण, पर्यावरण संरक्षण र जलवायु परिवर्तनअनुकूलन तथा प्रकोप जोखिम न्यूनीकरण क्षेत्रका योजनाहरु गरी जम्मा १६० वटा विभिन्न क्षेत्रगत योजनाहरु बृहत छलफल गरि प्राथमिकताक्रम तोकि आवधिक योजनाको रुपमा प्रस्ताव गरिएका छन। योजनाहरुको अनुमानित लागत तयार गर्दा गाउँपालिका भित्र रहेका विद्यमान/निर्माणाधीन योजनाहरुको प्रतिव्यक्ति लागत र गाउँपालिकाबाट निर्धारण भएको स्थानीय दररेटहरुको आधारमा प्रस्तावित योजनाको हालको कुल जनसंख्यालाई प्रतिव्यक्ति लागतले गुणन गरी तयार गरिएको छ।

पञ्चबर्षीय योजनाहरुको अनुमानित लागत तथा प्रस्तावित योजना संख्याको विश्लेषण तलको ग्राफ-७ मा गरिएको छ भने थप क्षेत्रगत पञ्चबर्षीय योजनाहरुको योजनागत विस्तृत विवरण अनुसूची-७ देखि १२ सम्ममा उल्लेख गरिएको छ ।

## ६.१. गुरुयोजनामा लगानीका लागि अल्प/मध्यम/दीर्घकालीन योजना

जल उपयोग गुरुयोजना निर्माणको क्रममा बस्ती तथा समुदाय स्तरबाट सहभागितात्मक ढंगबाट संकलन गरिएका सूचनाहरुको वडास्तरमा प्रमाणीकरण गरी सबै क्षेत्रगत योजनाहरुको प्राथमिकीकरण गरिएको र गाउँपालिका स्तरमा गरिएको तथ्याङ्क प्रमाणीकरण र योजना तर्जुमा गोष्ठीबाट अझै योजनाहरुको प्राथमिकीकरण परिष्कृत भएको छ । पालिका भित्रका शाखा/उप-शाखाका प्रतिनिधिहरु, सबै वडाका वडा जनप्रतिनिधिहरु, स्थानीय समाजसेवी, बुद्दिजीवीहरु र गाउँकार्यपालिकाका सम्पूर्ण पदाधिकारीहरुको सहभागिताले जलउपयोग गुरुयोजनाको योजना तर्जुमा कार्यलाई एकदमै प्रभावकारी बनाउन सहयोग पुगेको थियो ।

जलउपयोग गुरुयोजनाको प्रभावकारी रुपमा समुदायको अपेक्षा अनुसार कार्यान्वयनका लागि गाउँपालिका ले आफुसँग भएको स्रोतहरुको उपलब्धताको यकिन गर्नुका साथै सम्भावित साझेदारहरुको पहिचान, स्रोतहरुको खोजी गरेर ती स्रोतहरुको आधारमा जलउपयोग गुरुयोजनामा समावेश भएका योजना तथा क्रियाकलापहरुलाई

अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन रुपमा विभाजन गरिएकोछ। साथै गाउँपालिकाले जलउपयोग गुरुयोजनाको कार्यान्वयनका लागि आफ्नो आन्तरिक तथा बाह्य श्रोतहरु जुटाई वार्षिक रुपमा गर्न सक्ने लगानीको समेत प्रक्षेपण गरी प्राथमिकताक्रम अनुसारका योजनाहरुलाई अल्पकालीन/मध्यमकालीन / दीर्घकालीन रुपमा बिभाजन गर्नुपर्ने हुन्छ । अजयमेरु गाउँपालिकाले प्रक्षेपण गरेकाअल्पकालीन, मध्यकालीन र दीर्घकालीन लक्ष्यहरुलाई तल चर्चा गरिएको छ।

६.२ अल्पकालीन लक्ष्य (आ.व. २०८४/८५ सम्ममा)ः

खानेपानी सेवाः

- २५% आयोजनाहरुको खानेपानी सेवास्तर आधारभूत स्तरमा पुर्‌याउने ।
- आधारभूत खानेपानी सेवास्तर भएको जनसंख्या २५% पुर्‌याउने ।
- सुरक्षित खानेपानी व्यवस्था भएको सेवास्तर उपभोग गर्ने जनसंख्या १०% पुर्‌याउने ।

सरसफाइ सेवाः

- सबै घरधुरी तथा मौसम अनुसार अस्थाई बसाई गर्ने गरेको सबै घरहरुमा समेत सुरक्षित चर्पीको प्रयोग गरेको हुनेछ ।
- सधैं चर्पीको प्रयोग गर्ने जनसंख्या ८०% भएको हुनेछ ।
- व्यवस्थित चर्पी प्रयोग गर्ने अर्थात् साबुन पानीले हात धुने व्यवस्था भएको चर्पी प्रयोग गर्ने जनसंख्या ५०% भएको हुनेछ।
- अपाङ्गता भएका व्यक्ति भएका घरहरुमा खानेपानी र शौचालयको पहुँच अपाङ्गतामैत्री भएको घरसंख्या ५०% हुनेछ ।
- पूर्ण सरसफाइ अभियान सबै वडाहरुमा सञ्चालन भएको हुनेछ ।
- परम्परागत कुलो सिंचाइ र लघु सिंचाइ सेवाःगाउँपालिकाको २५०% खेति योग्य जमिनमा व्यवस्थित सिंचाइ सेवा भएको हुनेछ ।

जलउर्जा सेवाः

- सबै वडाहरुमा सुधारिएको घट्ट सेवा स्थापना भइ सेवा सञ्चालन भएको हुनेछ ।

जलस्रोत तथा वातावरण संरक्षणः

- उपयोगमा रहेका १०% जलस्रोत क्षेत्रहरु संरक्षण भएको हुनेछ ।

६.३ मध्यकालीन लक्ष्य (आ.व. २०८७/८८ सम्ममा):

खानेपानी सेवाः

- सबै आयोजनाहरुको खानेपानी सेवास्तर आधारभूत स्तरमा पुर्‍याउने
- आधारभूत खानेपानी सेवास्तर भएको जनसंख्या ५०%
- सुरक्षित व्यवस्था भएको खानेपानी सेवास्तर उपभोग गर्ने जनसंख्या ३०%

सरसफाइ सेवाः

- गाउँपालिका "पूर्ण सरसफाइ उन्मुख क्षेत्र" घोषणा भएको हुनेछ ।
- सबै वडाहरु पूर्ण सरसफाइ उन्मुख क्षेत्र घोषणा भएको हुनेछ ।

परम्परागत कुलो सिंचाइ र लघु सिंचाइ सेवाः

- गाउँपालिकाको ४०% खेति योग्य जमिनमा व्यवस्थित सिंचाइ सेवा भएको हुनेछ ।

जलउर्जा सेवाः

- सबै वडाका ठूला बस्तीहरुमा सुधारिएको घट्ट सेवा स्थापना भइ सेवा सञ्चालन भएको हुनेछ साथै स्थानीय स्तरमा जलविद्युत उत्पादन गरी भरपर्दो र सुलभ विद्युत सेवा मुख्य बस्तीहरुमा उपलब्ध हुनेछ ।

स्रोत तथा वातावरण संरक्षणः

- उपयोगमा रहेका २०% जलस्रोत क्षेत्रहरु संरक्षण भएको हनेछ ।गाउँपालिकाको २५०% खेति योग्य जमिनमा व्यवस्थित सिंचाइ सेवा भएको हुनेछ ।

जलउर्जा सेवाः

- सबै वडाहरुमा सुधारिएको घट्ट सेवा स्थापना भइ सेवा सञ्चालन भएको हुनेछ ।

स्रोत तथा वातावरण संरक्षणः

- उपयोगमा रहेका १०% जलस्रोत क्षेत्रहरु संरक्षण भएको हुनेछ ।

६.४ मध्यकालीन लक्ष्य (आ.व. २०९२/९३ सम्ममा)ः

खानेपानी सेवाः

- सबै आयोजनाहरुको खानेपानी सेवास्तर आधारभूत स्तरमा पुर्‍याउने ।
- आधारभूत खानेपानी सेवास्तर भएको जनसंख्या ९०%
- सुरक्षित व्यवस्था भएको खानेपानी सेवास्तर उपभोग गर्ने जनसंख्या ५०%

सरसफाइ सेवाः

- गाउँपालिका "पूर्ण सरसफाइ उन्मुख क्षेत्र" घोषणा भएको हुनेछ ।
- सबै वडाहरु पूर्ण सरसफाइ उन्मुख क्षेत्र घोषणा भएको हुनेछ ।

परम्परागत कुलो सिंचाइ र लघु सिंचाइ सेवाः

- गाउँपालिकाको ४०% खेति योग्य जमिनमा व्यवस्थित सिंचाइ सेवा भएको हुनेछ ।

जलउर्जा सेवाः

- सबै वडाका ठूला बस्तीहरुमा सुधारिएको घट्ट सेवा स्थापना भइ सेवा सञ्चालन भएको हुनेछ साथै स्थानीय स्तरमा जलविद्युत उत्पादन गरी भरपर्दो र सुलब विद्युत सेवा मुख्य बस्तीहरुमा उपलब्ध हुनेछ ।

स्रोत तथा वातावरण संरक्षणः

- उपयोगमा रहेका २०% जलस्रोत क्षेत्रहरु संरक्षण भएको हनेछ ।

अल्पकालीन योजनाहरु (पहिलो र दोश्रो वर्ष)ः गाउँपालिकाले जल उपयोग गुरुयोजना भित्र समावेश

गरिएका क्षेत्रगत योजनाहरुको कार्यान्वयनका लागि आवस्यक पर्ने लगानी जुटाउन यस जल उपयोग गुरुयोजनालाई गाउँकार्यपालिका र गाउँसभाबाट अनुमोदन गर्नेछ र गाउँपालिकाले आफ्नो लगानी सुनिश्चित गरी यदि सो लगानी योजनाहरुको कार्यान्वयनका लागि अपुग हुने देखिएमा बाहय स्रोतहरुको खोजी गर्ने छ साथै आफ्ना क्षेत्रगत परिकल्पनाहरु साकार पार्न अल्पकालीन योजनाहरुको रुपमा हाल निर्माणाधीन ११ वटा खानेपानी योजनाहरु सम्पन्न गर्ने, ६ वटा नयाँ र ७ वटा (मर्मत र पुनर्निर्माण) योजनाहरु कार्यान्वयन गर्नेछ । त्यसै गरि ७ वटा सिंचाइ कुलो निर्माणका योजनाहरु लगायत थोरै स्रोत चाहिने अन्य क्षेत्रका अति आवश्यक योजनाहरुलाई कार्यान्वयन गर्नेछ। अल्पकालीन योजनाहरु हाल निर्माणाधीन अवस्थामा रहेका, स्रोतको सुनिश्चितता भएका योजनाहरु वडा कार्यालय वा गाउँपालिकाको आफ्नै स्रोतबाट पनि निर्माण हुन सक्ने योजनाहरुलाई अल्पकालीन अवधिका योजनाको रुपमा समाबेश गरिएका छन् । त्यस्तै वातावरण तथा पर्यावरण क्षेत्रका अति आवश्यक क्रिकलापहरू जस्तै वृक्षारोपण, मुहान संरक्षणका योजनाहरुलाई पनि स्रोतको उपलब्धताको हिसाबले संचालन गर्ने गरी अल्पकालीन योजनाको रुपमा राखिएको छ । त्यसै गरि ५ लघु सिंचाइ, ७ मुलसुधार, ३ तटबन्धकायोजनाहरु कार्यान्वयन गर्नेछ । खानेपानीको सुविधा नपुगेका घरधुरीहरुलाई खानेपानी तथा सरसफाइको व्यवस्था गर्न तत्काल योजनाहरु संचालान गर्न सरोकारवाला निकायहरुसँग साझेदारी गरी प्राथामिकातामा परेका योजनाहरु को कार्यान्वयन गर्ने साथै जल उपयोग गुरुयोजना लाई गाउँपालिकाबाट अनुमोदन गरि साझेदारीका लागि बजारीकरण गर्ने रणनीति तय गरिएको छ ।मध्यकालीन योजनाहरु (तेश्रो तथा चौथो वर्ष): गाउँपालिकाले मध्यकालीन योजनाको रुपमा जलउपयोग

गुरुयोजनामा प्राथमिकीकरण गरिएका क्षेत्रगत योजनाहरुको अवस्था, स्रोतहरुको उपलब्धताको आधारमा निर्माण सम्पन्न भएका खानेपानी योजनाहरुबाट सम्भव भएमा सेवा विस्तार र सम्भव नभएमा प्राथमिकता अनुसार ७ वटा खानेपानी योजना, १० वटा सिंचाइ कुलोहरुको निर्माण र वातावरणथा पर्यावरण तर्फ प्राथमिकीकरण गरिएका योजनाहरु मध्ये कम्तिमा ४० % योजनाहरुको कार्यान्वयन गर्ने नीति लिएको छ ।

६.५ दीर्घकालीन लगानी योजना (५ वर्ष देखि): जल उपयोग गुरुयोजना कार्यन्वयनको सिलसिलामा

दीर्घकालीन योजनाको रुपमा गाउँपालिकाले यस जलउपयोग गुरुयोजनाको समीक्षा गरी प्राथमिकीकरण गरिएका सबै क्षेत्रका क्षेत्रगत योजनाहरु मध्ये कति कार्यान्वयन गर्न सकिए, कति सकिएनन लगायत जल उपयोग गुरुयोजना अनुसार क्षेत्रगत योजनाहरुको कार्यान्वयन गर्दा भएका सिकाईहरुको समेत समीक्षा गरी यदि जल उपयोग गुरुयोजना अद्ध्यावधिक गर्नुपर्ने देखिएमा अद्ध्यावधिक गरेर थप प्राथमिकता निर्धारण गरी समयसापेक्ष रूपमा योजनाहरुको कार्यान्वयन गर्नेछ ।

माथि उल्लेख गरिए अनुसारका अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजनाहरुको कार्यान्वयनका लागि गाउँपालिकाले थप छलफल र निर्णय अनुसार हरेक वर्ष जलउपयोग गुरुयोजनाको कार्यान्वयनका लागि वडा तथा गाउँपालिकाबाट हुने लगानी र अन्य कार्यान्वयनमा सहयोग गर्ने निकायहरुबाट हुने लगानीको प्रक्षेपण गर्नुका साथै स्थानीय तहको वार्षिक योजना तर्जुमा प्रक्रियामा योजना तथा कार्यक्रमहरु समावेश गरी कार्यान्वयन गर्नेछ। साथै जलउपयोग गुरुयोजनाका क्षेत्रगत योजनाहरु कति कार्यान्वयन भए भन्ने कुराको समीक्षा गर्ने संयन्त्रको विकास गर्नेछ ।

### ६.५ जलाधार/उप-जलाधार क्षेत्र व्यवस्थापन रणनीति

अजयमेरु गाउँपालिकाले जलाधार तथा उप-जलाधार क्षेत्र व्यवस्थापनका लागि तपसील अनुसारका रणनीतिहरु अपनाउने छ ।

- सबै स्थानीय सरोकारवाला निकायहरुको जलाधार संरक्षण सम्बन्धी साझा बुझाई निर्माण गर्न ज्ञान, सीप तथा सिकाईहरु आदानप्रदान गर्ने तथा स्थानीय समुदायको क्षमता अभिवृद्धि गरिने छ ।
- कुनै पनि ठुला संरचनाहरु निर्माण गर्दा वातावरण प्रभाव मूल्यांकन अनिवार्य रुपमा लागु गरिने छ।
- जल, जंगल र जमिन संरक्षणका लागि स्थानीय समुदायको अधिकतम सहभागितामा गराइने छ।
- गाउँपालिका स्तरमा सक्रिय बहु-सरोकारवाला निकायहरु जस्तैः सामुदायिक वन उपभोक्ता समूहहरु, कृषि समूहहरु, सँग समन्वय, सहकार्य र साझेदारी गर्ने र जलाधार संरक्षणका क्रियाकलापहरुलाई स्थानीय समुदायको आयमुलक/जीविकोपार्जनका गतिविधिसँग जोडी वातावरणमैत्री र संरक्षणमुखी बनाइने छ ।

- जलाधार क्षेत्रमा प्रभाव पार्ने वा प्रभावित हुने माथिल्लो वा तल्लो तटीय भू-भागमा अवस्थित पालिका/समुदायसँग जलाधार संरक्षणका उपायहरुका बारेमा छलफल गरी साझा सिकाईकाआधारमा विभिन्न सहयोगी क्रियाकलापहरु (जलउपयोग गुरुयोजनामा आधारित भइ) संचालन गरिने छन् ।
- लोप हुन/हराउन लागेका सिमसार क्षेत्र/ताल तलैयाहरुलाई संरक्षण र व्यवस्थापनको माध्यमबाट " पुरानै - स्वरुपमा ल्याउने" रणनीति अपनाईने छ ।

६.६. गुरुयोजना पुनरावलोकन तथा अद्ध्यावधिक गर्ने संयन्त्र

जलउपयोग गुरुयोजनाको सफल कार्यान्वयनका लागि गाउँपालिका क्षेत्र भित्रका स्रोत साधनको पहिचान, सरोकारवाला सहयोगी वा साझेदार निकायहरुको पहिचान तथा परिचालन पनि महत्वपुर्ण हुन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिकाहरुलाई योजना कार्यान्वयन गर्ने कार्यकारी निकायका रुपमा राखेको छ भने गाउँपालिका आफैमा स्थानीय सरकार समेत भएकाले जलस्रोत क्षेत्रका योजनाहरु कार्यान्वयन गराउन स्थानीय, प्रदेश स्तरीय तथा केन्द्रिय सरोकारवाला साझेदारहरुलाई परिचालन गर्न सहज हुने देखिन्छ। गुरुयोजना कार्यान्वयन गर्न गाउँपालिकाको नेतृत्वमा सबै साझेदारहरुलाईसाझेदारीको वातावरण सहित परिचालन गर्नु पर्ने हुन्छ । गुरुयोजना कार्यान्वयनका लागि आवश्यक पर्ने नीति नियमहरु गाउँपालिकाको सभा मार्फत निर्माण गरी क्षेत्रगत साझेदारहरुलाई स्पष्ट जिम्मेवारी प्रदान गर्नुका साथै समय सापेक्ष कार्यान्वयनको अनुगमन समेत गर्नु पर्ने हुन्छ ।

यसका साथै समय सापेक्ष गाउँपालिकाले विभिन्न सरोकारवाला निकायहरुको/पक्षहरुको सहजीकरणमा जलउपयोग गुरुयोजना कार्यान्वयन स्थितिको समीक्षा गरी अद्यावधिक गर्नुपर्ने जरुरी हुन्छ । जलउपयोग गुरुयोजना आधारभुत तथ्याङ्क र एकीकृत जलस्रोत विकासको खाका वा प्राथमिकता योजना तर्जुमाको दस्तावेज भएको हुनाले यसको आवश्यकता अनुसार आवधिक रुपमा अद्यावधिक गर्नु उपयुक्त हुन्छ। यसको अद्यावधिकरणबाट गाउँपालिकाको एकीकृत जलस्रोत विकासको लागि चाहिने स्रोतको अनुमान र तर्जुमा गर्न सजिलो हुन्छ। सामान्यतया गुरुयोजना कार्यान्वयन समीक्षा, स्रोत साधन जुटाउन, तथ्याङ्कहरु अद्यावधिक प्रत्येक

बर्ष गर्नु पर्दछ तर स्थानीय परिवेश र आवश्यकता अनुसार यो अवधि घटबढ गर्न सकिन्छ । साथै जलउपयोग गुरुयोजना अद्यावधिक गर्नको लागि कार्यपालिकाबाट अनिवार्य रुपमा निर्णय गर्नु पर्ने हुन्छ ।

## ६.६. गुरुयोजना कार्यान्वयन रणनीति

जलउपयोग गुरुयोजना जलस्रोत क्षेत्रको एकीकृत योजना भएकोले यसको कार्यान्वयनका लागि प्रभावकारी संयन्त्र, समन्वय र सरोकारवाला निकायहरु बीच सहकार्य हुन जरुरी छ । त्यसकारण गाउँपालिकाले जलउपयोग गुरुयोजनाको कार्यान्वयनका लागि तपशिलका रणनीति अपनाउने छ ।

- गुरुयोजना तथ्याङ्क जलस्रोतहरुको लगत, सम्भाव्य प्रयोग र सम्भावना सहितको अन्तरक्रिया कार्यक्रमहरु समय-समयमा सरोकारवाला माझ सञ्चालन गरिने छ ।गुरुयोजना तथ्याङ्क जलस्रोतहरुको लगत, सम्भाव्य प्रयोग र सम्भावना सहितको अन्तरक्रिया कार्यक्रमहरु समय-समयमा सरोकारवाला माझ सञ्चालन गरिने छ ।
- संघीय तथा प्रदेश सरकारका जलस्रोत विकास सम्वद्ध मन्त्रालय, विभागहरुमा गुरुयोजनाको प्रचार प्रसार गरी आवश्यक लगानी सहकार्यका लागि समन्वय गरिने छ ।
- गाउँपालिका स्तरका सरोकारवाला साझेदारहरुको आवश्यकता अनुसार समन्वय बैठक र अन्तरक्रियाहरु आयोजना गरी गुरुयोजनाका निर्दिष्ट लक्ष्य हासिल गर्न लगानी प्रतिवद्धता सहितका कार्यक्रम तय गरिने छ।
- गाउँपालिका स्तरमा गुरुयोजना सम्बन्धी प्रचार प्रसार, समीक्षा तथा जलस्रोत क्षेत्रमा कार्यगर्ने सरोकारवालाहरुलाई गुरुयोजनाले औंल्याएको क्षेत्रमा लगानी गर्न प्रेरित गराउने जस्ता क्रियाकलापहरु सञ्चालन गरिने छ ।
- क्षेत्रगत योजनाहरुमा लगानी सम्बन्धी दोहोरोपना हटाउन वार्षिक कार्यक्रम तय गर्नु पूर्व विषयगत समितिका बैठकहरु मार्फत आगामी बर्षका योजना तथा कार्यक्रमहरु सरोकारवालाहरुसँगको उपलब्ध बजेट, सहकार्यका क्षेत्र सहितको कार्ययोजना तय गरिने छ ।